# भिजीट भिसा र सोबाट सृजित समस्या तथा समाधानका उपायहरु सम्बन्धमा सिफारिस गर्न गठित कार्यदलको

# अध्ययन प्रतिवेदन

नेपाल सरकार
गृह मन्त्रालय,काठमाडौं

फागुन, २०७८

## विषय सूची

खण्ड- १ ........ 1

**परिचय ........ 1**

१.१ अध्ययनको पृष्ठभूमि र उद्देश्य ........ 1

१.२ अध्ययन विधि ........ 1

१.३ अध्ययन कार्यदल ........ 2

१.४ अध्ययनको कार्यक्षेत्र र सीमा ........ 2

**खण्ड- २ ........ 3**

**नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था ........ 3**

२.१ अध्यागमन व्यवस्थापन सम्वन्धी व्यवस्थाः ........ 3

२.२ वैदेशिक रोजगार व्यवस्थापनसँग सम्वन्धित व्यवस्था ........ 8

२.३ त्रिभुवन विमानस्थलबाट हुने आवागमन सम्बन्धी व्यवस्था ........ 12

**खण्ड- ३ ........ 13**

**भिजिट भिसासँग सम्वन्धित समस्या ........ 13**

३.१ भिजिट भिसा सम्वन्धी गन्तव्य मुलुकमा भएको अभ्यास ........ 13

३.२ भिजिट भीसा लिई बैदेशिक रोजगारीमा जाने कारणहरु ........ 15

३.३ भिजिट भिसामा बिदेश जाँदा देखिएका समस्या तथा प्रभाव ........ 15

३.४ समस्याका कारणहरु ........ 16

३.५ काम गर्ने उद्देश्यले भिजिट भिसामा जाँदा परेको प्रभाव ........ 16

३.६ भिजिट भीसामा श्रमिकहरु पठाउन संलग्न व्यक्ति तथा संस्था ........ 17

३.७ भिजिट भिसाबाट प्रस्थान सम्वन्धी तुलनात्मक विवरण ........ 18

३.८ समस्या समाधानका लागि भएका प्रयास ........ 20

३.९ भिजिट भीसा व्यवस्थापन एवं नियमन गर्दा पर्ने प्रभाव ........ 22

३.१० भिजिट भीसा व्यवस्थापनका विकल्प ........ 23

३.११ भिजिट भीसा मापदण्ड/कार्यविधिमा गर्नुपर्ने व्यवस्थाः ........ 23

**खण्ड- ४ ........ 27**

**सुझाव तथा सिफारिस ........ 27**

४.१ समस्या समाधानको रणनीतिः ........ 27

४.२ सुधारका क्षेत्र ........ 30

४.३ आगमन तथा प्रस्थान प्रक्रियामा गर्नुपर्ने सुधारः ........ 31

४.४ भिजिट भिसामा युएई/दुवई जाने नेपालीको हकमा गर्नुपर्ने थप व्यवस्था ........ 34

४.५ समस्या समाधानका लागि निकायगत भूमिकाः ........ 34

४.६ समस्या समाधानका लागि सुझाव तथा शिफारिस ........ 39

निष्कर्षः ........ 42

अनुसूचीहरु ........ 44

## खण्ड- १

### परिचय

### १.१ अध्ययनको पृष्ठभूमि र उद्देश्य

वैदेशिक रोजगार विगत देखि नैनेपाली युवाहरुका लागि आकर्षक अवसरको रुपमा रहदै आएको छ। बैदेशिक रोजगारी प्रतिको तिव्र चाहना र अल्प जानकारीका कारण नेपाली युवाहरु भिजिट भिसामा युएई लगायतका खाडी मुलुकमा जाने र विभिन्न समस्यामा पर्ने गरेका छन। नेपाली युवाहरु भिजिट भिसामा युएई लगायतका खाडी मुलुकमा गई विभिन्न समस्यामा परेको सन्दर्भमा नेपाल सरकारमाननीय गृहमन्त्री श्री बालकृष्ण खाँडको अध्यक्षतामा सरोकारवालासँग मिति २०७८/१०/११ मा बसेको बैठकको निर्णय अनुसार भिजिट भिसा र सोबाट सृजित समस्याको समाधानकालागि अध्ययन गर्न गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा एक कार्यदल गठन गरी १५ दिनभित्र प्रतिवेदन पेश गर्ने निर्णय अनुसार यो अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

अध्ययनको उद्देश्य : यसअध्ययनको मुख्य उद्देश्य नेपालबाट भिजिट भिसामा युएई लगायतका खाडी मुलुकमा गई कार्यगर्ने सन्दर्भमा सृजित समस्याहरुको पहिचान गरी समाधानकालागि सुझावहरु सहितको कार्यान्वयन खाका पेश गर्ने रहेको छ ।

### १.२ अध्ययन विधि

समितिले मुलतः वैदेशिक रोजगार व्यवस्थापनमा भिजिट भिसा सम्बन्धी विद्यमान नीति, ऐन, कानून, निर्देशिका, कार्यविधि र मापदण्डहरुको सान्दर्भिकता र तिनमा गर्नुपर्ने संसोधन तथा सुधारका बारेका अध्ययन विश्लेषण गरेको छ। प्रस्तुत प्रतिवेदन तयार गर्दा यसभन्दा अगाडि भए गरेका अध्ययन प्रतिवेदनहरुबाट समेत समितिले आवश्यक सूचना र जानकारी प्राप्त गरेको छ ।

यसैगरी सरोकारवाला निकायका पदाधिकारीहरु तथा आप्रवासन विज्ञसँग समेत प्रत्यक्ष अप्रत्यक्षरुपमा छलफल र विचार विमर्श गरिएको छ। विदेश स्थीत नेपाली नियोगहरु,अध्यागमन विभाग, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार वोर्ड, वैदेशिक रोजगार कार्यालयहरु र वैदेशिक रोजगार व्यवसायी संघसँग लिखितरुपमा नै राय सुझावहरु माग गरिएको र प्राप्त विवरण, राय सुझाव र समितिले स्थलगत अवलोकनबाट लिएका तथ्यको विश्लेषणबाट यो प्रतिवेदन तयार गरिएको छ।

## १.३ अध्ययन कार्यदल

| क्र.सं | पदाधिकारीको नाम थर | पद | निकाय | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | श्री फणिन्द्रमणी पोखरेल, | सह-सचिव | गृह मन्त्रालय | संयोजक |
| २. | श्री बुद्धिसागर लामिछाने | सह-सचिव | संस्कृती पर्यटन तथा ना. उड्डयन मन्त्रालय | सदस्य |
| ३. | श्री शेषनारायण पौडेल, | सह-सचिव | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सदस्य |
| ४. | श्री हरिश्चन्द्र पौडेल | सह-सचिव | परराष्ट्र मन्त्रालय | सदस्य |
| ५. | भीमप्रसाद ढकाल | प्र.व.उ | नेपाल प्रहरी, त्रि. अ. वि | सदस्य |
| ६. | प्रकाशचन्द्र अधिकारी | उप-सचिव | अध्यागमन विभाग | सदस्य |
| ७. | दीनबन्धु सुवेदी | उप-सचिव | बैदेशिक रोजगार प्रवर्धन बोर्ड | सदस्य-सचिव |

## १.४ अध्ययनको कार्यक्षेत्र

कार्यदललाई देहायका विषयमा केन्द्रित रही १५ दिन भित्र सुझाव सहितको प्रतिवेदन पेश गर्न कार्यदिश प्राप्त भएको र कार्यदलले सोहि विषयमा केन्द्रित रही यो प्रतिवेदन तयार गरेको छ। वैदेशिक रोजगारीका सन्दर्भमा भिजिट भिसाको दुरुपयोगबाट उत्पन्न समस्या, कारण र समस्या समाधानका उपायहरु पहिचान गर्ने सन्दर्भमा समितिले मौजुदा अवस्थाको विश्लेषण गरी सुधारका क्षेत्र पहिचान गर्ने र सो को लागि निकायगत भूमिका सम्वन्धमा आवश्यक सुझाव सहित सिफारिश प्रस्तुत गरेको छ।

**कार्य क्षेत्र**

- भिजिट भिसा सम्बन्धमा मापदण्ड बनाउने,
- त्रिभुवन अन्तराष्ट्रिय विमान स्थलमा आगमन र प्रस्थान सहजीकरण गर्ने विषय,
- अध्यागमन प्रणालीका कमीकमजोरीको पहिचान र सुधारका उपायहरु,
- अन्तराष्ट्रिय उडान तालिका सम्बन्धमा गर्नुपर्ने सुधार,
- त्रिभुवन अन्तराष्ट्रिय विमान स्थलमा ट्रान्जिट यात्रु व्यवस्थापनमा गर्नुपर्ने सुधार,
- श्रमिकहरुले गन्तब्य मुलुकमा सामना गर्नुपरेका समस्या र समाधानका उपाय,
- समितिले औल्याउनसक्ने अन्य सुधारका उपायहरु।

## खण्ड- २
## नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था

### २.१ अध्यागमन व्यवस्थापन सम्वन्धी व्यवस्थाः

विदेशीहरुको नेपालमा प्रवेश, उपस्थिति र प्रस्थान तथा नेपालीहरुको आगमन र प्रस्थानको नियमन, नियन्त्रण तथा सहजीकरण गर्ने कार्य अध्यागमन ऐन २०४९, अध्यागमन नियमावली २०५१ र अध्यागमन कार्यविधि २०६५बमोजिम भइरहेको छ ।

चालू पन्ध्रौं योजनाको शान्ति सुव्यवस्था र सुरक्षाअन्तर्गतको उद्देश्यमा अन्तर्राष्ट्रिय सिमाना र सीमा नाकाको सुरक्षा व्यवस्था तथा अध्यागमन प्रणालीलाई सुदृढीकरण गर्ने र विद्युतीय अध्यागमन प्रणालीको स्थापना र सञ्चालन गर्ने विषय उल्लेख गरिएको छ । गृह मन्त्रालयले विभिन्न समयमा जारी गरेका सुधार कार्ययोजना र मार्गचित्रका आधारमा अन्तर्राष्ट्रिय सिमाना, सिमा नाकाको सुरक्षा व्यवस्था र अध्यागमन प्रणालीलाई सुदृढीकरण गर्ने उद्देश्यले अध्यागमन कार्यालयहरुको भौतिक संरचना सुधार गर्ने, नीतिगत सुधार र अत्याधुनिक प्रविधिको प्रयोगलाई बढाउने कार्यक्रमहरु समावेश गरिएका छन।

डिजिटल नेपाल फ्रेमवर्क २०७६ मा डिजिटल अध्यागमनको अवधारणा अघि सार्दै इलेक्ट्रोनिक भिसा तथा पेपरलेस भिसा प्रक्रिया सरलीकरण गरिने कार्यक्रमहरु रहेका छन् ।

नेपाल सरकारको नीति तथा कार्यक्रम २०७७/७८ मा अध्यागमन प्रणालीलाई अत्याधुनिक एवं प्रविधिमैत्री बनाइने र नेपाल प्रवेश गर्ने सबै विदेशी नागरिकहरुको अभिलेखलाई थप व्यवस्थित गर्ने उल्लेख गरिएका छन्।नेपाल सरकारको आर्थिक वर्ष २०७८/७९ को आय-व्ययको सार्वजनिक जानकारी वक्तव्यमा त्रिभुवन विमानस्थलमा अध्यागमन सेवालाई अन्तर्राष्ट्रियस्तरको बनाउन यात्रुहरुको विवरण अग्रिमरुपमा प्राप्त हुने एडभान्स पेसेन्जर इन्फर्मेसन सिस्टमको प्रयोग, विद्युतीय प्रवेशद्वार सञ्चालन र क्यूआरकोड (QR Code) सहितको विद्युतीय भिसा जारी गर्ने व्यवस्था मिलाइनेछ तथा सीमा नाकामा रहेका सबै अध्यागमन कार्यालयको भौतिक पूर्वाधार सुधार गर्नुका साथै नेपाल भित्रिने विदेशी नागरिकको बायोमेट्रिक विवरण (Bio-Metric Details) सहितको अभिलेख विद्युतीय प्रणालीमा अद्यावधिक गरिने उल्लेखभएको छ।

### २.१.१ भिजिट भिसासम्वन्धी कानूनीव्यवस्था

भिजिट भिसामा विदेश प्रस्थान गर्ने नेपालीहरुका लागि आवश्यक पर्ने कागजात र प्रक्रियाका सम्वन्धमा देहायको कानुनी व्यवस्था रहेको छ ।

(क) अध्यागमन ऐन, २०४९

(ख) अध्यागमन नियमावली, २०५१,

(ग) अध्यागमन कार्यविधि, २०६५

(घ) नेपाल सरकार (माननीय गृह मन्त्रीस्तर) को मिति २०७६/०७/२६ गतेको निर्णय (पर्यटकीय प्रकृतिका भिसामा विदेश प्रस्थान अनुमति प्रदान गर्दा संलग्न हुनुपर्ने कागजातहरु जाँचबुझ/एकिन गरी मात्र प्रस्थान अनुमति दिने गरिएको र खाडी मुलुकहरु तथा मलेसिया, ईराक, अफगानिस्तान, सिरिया, अफ्रिकी राष्ट्रहरु एवं अन्य त्यस्तै जोखिम सम्भाव्य मुलुकहरुमा पर्यटक भिसामा जाने महिलाहरुको हकमा तत् तत् मुलुकमा जोखिममा पर्न सक्ने अवस्थाको विश्लेषण गरी मात्र प्रस्थान अनुमति दिने गरिएको एवं अध्यागमन विभागको मिति २०७७/१०/११ को परिपत्र बमोजिम पर्यटकीय भिसामा जानेहरुको हकमा बैंकमा डलर सटही गरेको भर्पाई/आधिकारिक बैंक भौचर समाबेस गर्नु पर्ने)

(ङ) नेपाल सरकार (माननीय गृह मन्त्रीस्तर) को मिति २०७६/०७/२६ गतेको निर्णयानुसार पर्यटकीय प्रकृतिका भिसामा विदेश प्रस्थान अनुमति प्रदान गर्दा संलग्न हुनुपर्ने कागजातहरु देहाय बमोजिम रहेको पाईन्छ।

- राहदानी तथा भिसा
- जाने र फर्कने दुई तर्फी हवाई टिकट
- अन्तिम गन्तब्य सम्मको बोर्डिङ पास
- स्पोन्सर को प्रमाण, २५० डलर बराबरको बिदेशी मुद्रा, होटल बुकिङको प्रमाण
- आबश्यकता अनुसारको स्वघोषणा

(च) खाडी मुलुकहरु तथा मलेसिया, ईराक, अफगानिस्तान, सिरिया, अफ्रिकी राष्ट्रहरु एवं अन्य त्यस्तै जोखिम संभाव्य मुलुकहरुमा महिलाहरुलाई प्रस्थान अनुमति प्रदान गर्दा निम्नानुसार थप कागजातहरु हेर्नुपर्ने व्यवस्था रहेको छ।

- विदेशमा रहेको आफन्त अथवा साथमा लान लागेको परिवारजनसँगको नाता प्रमाणित कागजात,
- गन्तव्य मुलुकमा रहेका आफन्तले भ्रमण प्रायोजन गरी पठाएको कागजात र निज विदेशमा रहेको प्रमाण खुल्ने कागज वा,
- ट्राभल एजेन्सी (Travel Agency) को टुर प्याकेजमा लगिएको भनी लेखिएको पत्र, स्वघोषणाको लिखत।

### २.१.२ संस्थागत व्यवस्था

हाल अध्यागमन विभाग र मातहतका १३ (तेह्र) वटा अध्यागमन कार्यालयहरुबाट भिसा तथा अध्यागमन प्रशासनसम्बन्धी कार्य भइरहेको छ । नेपाल आउन चाहने विदेशी नागरिकहरुलाई विदेशस्थित ३९ वटा नेपाली कूटनीतिक नियोगहरुबाट र नेपालमा रहेका विदेशी कुटनीतिज्ञहरुलाई परराष्ट्र मन्त्रालयबाट समेत प्रवेशाज्ञा (visa)जारी हुने गरेको छ ।

अहिले नेपालबाट विदेश जाने आउने कार्यमा मुख्यतः त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रयोग हुने गरेको छ। निर्माण सम्पन्न हुने क्रममा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यागमन कार्यालय स्थापनाका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) कार्य सम्पन्न भई कर्मचारीहरुको पदस्थापनाको कार्य समेत सुरु भएको छ । निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा अध्यागमन कार्यालय स्थापनाका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण हुने क्रममा रहेको छ। थप दुई अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सुचारु भएपश्चात् अन्तर्राष्ट्रिय हवाईनाकामा रहेका अध्यागमन कार्यालयको सङ्ख्या तीन पुग्नेछ ।

विभागलाई तोकिएको जिम्मेवारी पूरा गर्ने क्रममा विभागले विदेशस्थित नियोगहरु, कन्सुलर सेवा विभाग, राहदानी विभाग, उद्योग विभाग, पर्यटन विभाग, नागरिक उड्डयन प्राधिकरण, शिक्षा मन्त्रालय उच्चशिक्षा महाशाखा, पर्यटन बोर्ड, सुरक्षा निकायहरु, वायुसेवा कम्पनीहरु लगायतका निकायहरुसँग समन्वय तथा सहकार्य गर्दै आइरहेको छ ।

### २.१.३ प्रविधिको प्रयोग

सेवा प्रवाहलाई छिटो छरितो तथा विश्वसनीय बनाउन र अन्य देशको सेवासँग तुलनायोग्य बनाई वास्तविक सेवाग्राही पहिचान गर्न अध्यागमन सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउन जरुरी हुन्छ । यसका लागि विभागले सन् २०१४ देखि IMMI नामक कम्प्यूटर प्रणालीमा आधारित अध्यागमन सूचना प्रणाली विकास गरी प्रयोगमा ल्याएकोमा सन् २०२० को शुरुवातदेखि यात्रुहरुको जैविक विवरण समेत प्रविष्ट हुने गरी 'नेपाली पोर्ट' प्रयोगमा ल्याएको छ । नेपाली पोर्टमार्फत यात्रुहरुको बोर्डिङ्ग पासको विवरण, इन्टरपोलको विश्वव्यापी अभिलेख र राहदानी, नागरिकता तथा श्रम इजाजत सम्बन्धी विवरणको डाटावेससँग अन्तरआबद्धता गरी विवरण रुजु गर्न सकिने गरी सफ्टवेयर तयार गरिएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्थित अध्यागमन कार्यालयको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई आधुनिकीकरण गरिएकोछ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, रसुवा, काँकडभिट्टा, भैरहवा, पोखरा गरी ५ अध्यागमन कार्यालयहरुमा भिसा लगायतका यात्रुहरुले यात्रा गर्दा प्रयोग गर्ने कागजातको सूक्ष्म अध्ययन गरी सत्यता एकिन गर्न Forgery Detection Unit (FDU) स्थापना गरी सञ्चालनमा

ल्याइएको छ। अध्यागमन कार्यालय पशुपतिनगर र पोखरा बाहेक अन्य सबै अध्यागमन कार्यालयमा यात्रुहरुको जैविक विवरण (फोटो, औंठाछाप र आइरिस) लिन सकिने गरी मेसिन उपलब्ध गराइएको छ । अध्यागमन विभाग र अध्यागमन कार्यालय त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा, पोखरा, रसुवामा यात्रुहरुले अनलाइन भिसा आवेदन गर्न सक्ने KIOSK मेसिन जडान गरिएको छ। विभागमा System Generated Visa २०७८ आषाढ महिनादेखि शुरु भएको र अन्य कार्यालयहरूमा २०७८/११/०८ देखि शुरु भएको छ। e-gate, APIS, Self-registration system खरिदको लागि स्रोतको सुनिश्चित गर्ने कार्य भइरहेको छ। साथै विदेशी पर्यटकको online tracking system को मोबाइल एप निर्माण भई कार्य अघि बढिरहेको छ। त्यस्तै Trekking Model लागू भएको र Office Automation मा लैजाने कार्य समेत शुरू भएको छ।

२.१.४ गृह मन्त्रालयले भिजिट भिसा सम्वन्धमा मिति २०७८/१०/१० मा देहाय अनुसारको निर्देशन जारी गरेको-

१. सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्ने सरकारी निकायका प्रतिनिधिहरु
२. अन्तराष्ट्रिय कारोवार गर्ने बैंक तथा वित्तिय संघ संस्थाका प्रतिनिधि एवं अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाका प्रतिनिधि भई भ्रमण गर्न जाने प्रतिनिधिहरु (संस्थागत कार्यका लागि मात्र)।
३. नेपालमा सामान आयात-निर्यात गर्ने व्यावसायिक संस्थाका प्रतिनिधिहरु (आयात निर्यात सम्बन्धी कार्यका लागि मात्र) र व्यवसायिक कम्पनी / फर्मका सञ्चालक वा व्यवसायीहरु
४. खाडी राष्ट्रहरु बाहेक कम्तिमा २ वटा अन्य मुलूक पर्यटकको रुपमा भ्रमण गरिसकेका यात्रुहरु।
५. वार्षिक न्यूनतम ६ लाख रुपैया कर योग्य आय भै कम्तिमा सो को आधा रकम बैंक खातामावचत भएका र नेपालको कर प्रणालीमा आवद्धता भएका व्यक्तिहरु ।
६. औद्योगिक तथा व्यवसायिक गतिविधिमा अन्तर्राष्ट्रिय सञ्जालमा आवद्ध विशिष्ट संस्थाको विशिष्टकार्यका लागि जानुपर्ने संस्थासँग सम्बन्धित अधिकारिक प्रतिनिधिहरु
७. वैदेशिक रोजगार व्यवसायको बजार प्रवर्द्धनको लागि जाने म्यानपावर व्यवसायीहरु (संचालक वा आधिकारिक प्रतिनिधि मात्र)।
८. बिरामी कुरुवा वा बिरामीको रेखदेखको रुपमा जाने (३ पुस्ता भित्रका) पारिवारिक सदस्यहरु

## २.१.५ अध्यागमन प्रशासनसँग सम्वन्धित समस्या :

अध्यागमन सेवालाई अत्याधुनिक, प्रविधिमैत्री, छिटोछरितो, विश्वसनीय र प्रभावकारी बनाउँदै अन्तर्राष्ट्रियस्तरको सेवा प्रवाह गर्ने गरी अध्यागमन व्यवस्थापनलाई विकास गर्नु पर्ने आवश्यकता रहेको छ। भिजिट भीसाको प्रयोग सन्दर्भमा विद्यमान कानुनी व्यवस्था स्पष्ट, वस्तुनिष्ठ तथा व्यवहारिक नरहेको कारण वैदेशिक रोजगारीको खोजीमा जाने कामदारहरुलाई भिजिट भीसाको दुरुपयोग गरी खाडी तथा अन्य मुलुकहरुमा नाजायज फाईदा उठाई विचौलियाहरुले लैजाने र अलपत्र पार्ने कार्य गर्ने गरेको पाईन्छ।

- राष्ट्रिय दृष्टिकोणको अभावः खासगरी श्रममूलक काम गर्न जाने मूलुकहरुमा नेपालीहरु भिजिट भिसामा जाने गरेको सन्दर्भमा के कस्तो नीति अख्तियार गर्ने भन्ने विषयमा संसदीय समिति, गृह, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, परराष्ट्र, पर्यटन मन्त्रालय, अध्यागमन विभाग,अध्यागमन कार्यालय त्रिभुवन बिमानस्थलको संस्थागत दृष्टिकोण स्पस्ट नभएको तथा समयानुसार फरक फरक दृष्टिकोण रही आएको देखिन्छ ।
- नीति र व्यवहारमा फरकः अध्यागमन कार्यविधि २०६५ को दफा ३.१ को (घ) र भिजिट भिसाका सम्बन्धमा भएका माननीय मन्त्रिस्तरीय निर्णय अनुसार पर्यटकीय वा अन्य भ्रमण प्रयोजनमा विदेश जाने नेपालीहरुको लागि तोकिएको कागजात उपलब्ध भए पश्चात पनि व्यवहारिक हिसाबले अमूक व्यक्ति भ्रमण गर्न सक्ने हैसियतको हो वा होइन भनी एकिन गरी प्रस्थान अनुमति दिनुपर्ने अवस्था छ ।
- अनुगमन संयन्त्रको कमीः मानिसहरु भिजिट भिसाको आवरणमा श्रममूलक कार्यमा जाने गरेको यथार्थ जानकारी लामो समयदेखि भैरहेको भए पनि यसलाई अनुगमन गर्ने स्थायी संयन्त्रको अभाव रहेको छ।
- विचौलियालाई कारवाही हुन सकेनः श्रममूलक कामका लागि भिजिट भिसालाई माध्यम बनाउने व्यक्ति विशेष (Individual) पहिचानमा कठिन भएको र निज विचौलियालाई कारवाही लागि कानुनी व्यवस्थाको अभाव रहेको पाइन्छ ।
- सम्बन्धित मूलुकसँग द्विपक्षीय कुटनीतिक सम्वादको कमीः यूएई, मलेशिया जस्ता श्रम गन्तव्य मूलुकहरुमा भिजिट भिसामा जाने नेपालीका लागि भिजिट भिसाप्राप्त गरेका व्यक्तिलाई श्रमिक भिसामा परिमार्जन गर्न नपाउने गरी सम्बन्धित देशहरुसँग पर्याप्त कुटनीतिक सम्वाद भएको देखिदैन ।
- अफ्लोड भएका यात्रुहरुको गुनासो सुन्ने संयन्त्रको अभाव।

## २.२ वैदेशिक रोजगार व्यवस्थापनसँग सम्वन्धित व्यवस्था

२.२.१ नीतिगत व्यवस्थाः

नेपाली कामदारहरुलाई स्वदेशमा पर्याप्त रोजगारीका अवसरको अभावमा वैदेशिक रोजगारमा जानुपर्ने बाध्यता एकातिर रहेको छ भने अर्कोतर्फ मुलुकको कूल आयमा २२.२ प्रतिशतको योगदान गरिरहेको यो क्षेत्रलाई थप व्यवस्थित गर्न समेत त्यतिकै आवश्यक रहेको छ।

आन्तरिक रोजगारी व्यबस्थापनका लागि राष्ट्रिय रोजगार नीति, २०७१ ले स्वदेशमा नै सुरक्षित रोजगारीका अवसरहरु उपलव्ध गराउने, अन्तर्राष्ट्रिय श्रम संगठन अभिसन्धि लगायतका प्रतिवद्धताहरुको कार्यान्वयन मार्फत दिगो विकास लक्ष्य प्राप्तिमा श्रम व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्य लिएको छ।

यसका लागि आन्तरिक रोजगारीको प्रवर्द्धन, बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य र उत्पादकत्व अभिवृद्धि गर्ने रणनीति अनुरूप विभिन्न कार्यक्रम सञ्चालनमा रहेका छन।

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप जनशक्ति श्रम बजारमा प्रवेश गर्दछन।एकातर्फ आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून हुँदा अतिरिक्त श्रम शक्ति वैदेशिक रोजगारीमा जाने गरेका छन्।अर्कोतर्फ उदार श्रमनीति, सीपमूलक श्रम शक्तिको अपर्याप्तता कमजोर श्रम निरीक्षण तथा नियमनका कारण विदेशी श्रमिक आप्रवाह बढ्दै गएको र स्वदेशी श्रमिक विस्थापित हुँदै गएको छ।

श्रमशक्तिको ३६.५ प्रतिशत औपचारिक क्षेत्रमा संलग्न रहेको र बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ । श्रम शक्ति सहभागिता दर ३८.५ रहेको र बाध्यकारी श्रम सहभागिता दर १.२ प्रतिहजार रहेक छ । आ.व. २०७५/७६मा औसत श्रम उत्पादकत्व वार्षिक रू. १ लाख ८४ हजार ६ सय रहेको छ ।मूलतः रोजगारी व्यवस्थापनका लागि देहाय अनुसारका नीतिगत व्यवस्था रहेको पाईन्छः

(क) <u>नेपालको संविधान(२०७२)</u>

नेपालको संबिधानको मौलिक हक अन्तर्गत प्रत्येक नागरिकलाई रोजगारीको हक तथा रोजगारीको छनौट गर्न पाउने हक प्रदान गरेको छ।यसै गरी राज्यका नीतिहरु अन्तरगत धारा ५१ को खण्ड (झ) मा वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकार प्रत्याभूत गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने तथा वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधी र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहित गरिने उल्लेख भएको छ।

(ख)<u>१५ औं पञ्चवर्षिय योजना</u>

चालू १५ औं पञ्चवर्षीय योजनाले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित रव्यवस्थित गर्नेउद्देश्य लिएको छ। समग्र रोजगारी क्षेत्रको व्यवस्थापनका यस योजनाले रणनीति लिएको पाईन्छ-

रणनीतिः

- स्थानीय तहदेखि रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने ।
- कानूनको प्रभावकारी कार्यान्वयन र सामाजिक संवादको माध्यमबाट असल औद्योगिक श्रम सम्बन्ध विकास गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा, तालिम र सीप विकासद्वारा श्रमिकको दक्षता अभिवृद्धि गर्ने।
- रोजगारी सिर्जना र श्रम व्यवस्थापनमा तहगत समन्वय गर्ने ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र अधिकतम प्रतिफलदायक बनाउने।
- रोजगारी सिर्जना, समन्वय तथा नियमन गर्न अधिकार सम्पन्न उच्चस्तरीय 'राष्ट्रिय रोजगार प्राधिकरण' गठन गर्ने ।

(ग) <u>राष्ट्रिय रोजगार नीति २०७१</u>

राष्ट्रिय रोजगार नीति २०७१ले नेपालमा उपलब्ध श्रम शक्तिलाई प्रतिष्पर्धी बनाउदै सक्षम श्रम बजारको मध्यमद्वारा उत्पादनशिल,मर्यादित एबं सुरक्षित रोजगारीमा संलग्न गराई रास्ट्रिय अर्थतन्त्रलाई सवल र गतिशील बनाई गरिबी निवारणमा योगदान पु-याउने दिर्घकालीन नीति लिएको छ।

(घ) <u>वैदेशिक रोजगार नीति २०६८</u>

वैदेशिक रोजगारी नीति २०६८ ले वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाई आप्रवासन सुशासन कायम गर्ने उद्देश्य लिएको छ।

**२.२.२ कानुनी व्यवस्थाः**

(क) वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली,

(ख) वैदेशिक रोजगारमा घरेलु कामदार पठाउने सम्बन्धि निर्देशिका २०७२,

(ग) श्रम सहचारी नियुक्ति सम्बन्धि कार्यविधि २०७३,

(घ) वैदेशिक रोजगार सम्बन्धि मागपत्र जाँच निर्देशिका २०७५

(ङ) वैदेशिक रोजगारमा गएका नेपाली कामदारको कानुनी प्रतिरक्षा सम्बन्धी निर्देशिका २०७५,

(च) इजरायलमा नेपाली सहयोगी कामदार पठाउने सम्बन्धी निर्देशिका २०७८

२.२.३ **संरचनागत व्यवस्थाः**

(क) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

मुलुकमा असल औद्योगिक सम्बन्ध विकास गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्ने, श्रमिकको हकहित एवं पेशागत स्वास्थ्य, सुरक्षा र मर्यादित कार्य वातावरण बनाउने, योगदानमा आधारित सामाजिक सुरक्षाको कार्यान्वयन, वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, नियमित र मर्यादित बनाउने तथा सीपयुक्त जनशक्तिको विकास गरी रोजगारी र स्वरोजगारीको प्रवर्द्धन गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न नीतिगत नेतृत्व गरी कार्यान्वन गर्ने कार्य श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत रहेको छ। आन्तरिक रोजगार प्रवर्द्धन, सीप विकास तथा तालिम, असल श्रम सम्बन्ध विकास, सामाजिक सुरक्षा प्रबर्द्धन र वैदेशिकरोजगार व्यवस्थापनकामुख्य कार्यहरु मन्त्रालय अन्तर्गत रहेको छ ।

(ख) वैदेशिक रोजगार विभाग

वैदेशिक रोजगार सम्बन्धी कार्य गर्नकालागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत वैदेशिक रोजगार विभाग रहेको छ। नीतिगत रुपमा वैदेशिक रोजगार सम्बन्धी ऐन, नियम, निर्देशिका,कार्यप्रणाली सम्बन्धी नीतिगत कार्य, वैदेशिक रोजगार सम्बन्धी गन्तव्य मुलुकसँग श्रम सम्झौता कार्यान्वन सम्बन्धी कार्य, सरोकारवाला राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थासँग सहकार्य तथा वैदेशिक रोजगार र अन्तर्राष्ट्रिय आप्रवासन सम्बन्धमा समन्वय र सहकार्य गर्दछ ।

यसका साथै वैदेशिक रोजगारलाई व्यबस्थापन गर्न वैदेशिक रोजगार व्यवसाय सञ्चालनको इजाजत पत्र प्रदान,नविकरण, कारवाही तथा नियमन गर्ने कार्य गर्दछ। वैदेशिक रोजगारी सम्बन्धी उजुरीको अनुसन्धान सम्बन्धी कार्यगरी न्यायाधिकरणमा मुद्दा दायर गर्ने, वैदेशिक रोजगारका कसुरमा हुने विभागीय दण्ड सजाय सम्बन्धी अर्थन्याधिक कार्य तथा कामदारलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने कार्यमा समन्वय गर्दछ।

(ग) वैदेशिक रोजगार वोर्ड

बैदेशिक रोजगार ऐन २०६४ को दफा ३८ मा भएको व्यवस्था बमोजिम वैदेशिक रोजगार वोर्ड गठन भएको छ, वोर्डको नियमित कार्य संचालन गर्न बैदेशिक रोजगार वोर्डको सचिवालय रहेको छ। बैदेशिक रोजगारमा जाने कामदारहरुले प्रचलित कानूनले तोके बमोजिम जम्मा गरेको रकमबाट कल्याणकारी कोष रहने र सो कोष को व्यवस्थापन र परिचालन वोर्ड सचिवालयले गर्दै आएको छ।

कोषको प्रचलन मूख्यरुपमा मृतकका परिवारलाई आर्थिक सहायता प्रदान गर्ने, बिरामी एंव अंगभंग भएकालाई उपचार खर्च, बिदेशमा अलपत्र परेका शव ल्याउन सहयोग गर्ने, रोजगारदाता मुलुकमा आन्तरिक विद्रोह, आर्थिकमन्दीका कारण अलपत्र परेका कामदारलाई उद्धार गर्ने, जनचेतनामुलक कार्यक्रमहरु संचालन, बिदेशमा सुरक्षित गृह संचालन गर्ने कार्यमा गर्दै आएको छ।

(घ) वैदेशिक रोजगार कार्यालय, श्रम कार्यालय तथा श्रम डेस्क

वैदेशिक रोजगार कार्यालय तथा श्रम कार्यालयबाट बैदेशिकरोजगार प्रक्रियालाई सहजीकरण गर्ने हुदै आएको छ, काठमाडौं स्थित श्रम कार्यालयबाट श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृति प्रदान गर्ने कार्य हुन्छ भने प्रदेश स्तरीय श्रम कार्यालयबाट पुन श्रम स्वीकृतिको कार्य मात्र संचालनमा रहेको छ ।

(ङ) विदेशस्थित कुटनीतिक नियोग

नेपाल सरकार परराष्ट्र मन्त्रालय र अन्तर्गतका निकायहरुबाट कुटनीतिक आचार संहिता, विदेशमा रहेका नेपाली नागरिकको अभिलेख राख्ने तथा उनीहरुको हक हितमा उद्धार र संरक्षण, राहदानी र कन्सुलर सेवाहरू लगायतका कार्यहरु हुदै आएका छन्। आफ्नो जिम्मेवारी पूरा गर्न, मन्त्रालयले सबै सम्बन्धित सरकारी निकायहरू, विदेशमा रहेका नेपाली नियोगहरू साथै विदेशी कूटनीतिक नियोगहरू र नेपाललाई मान्यता प्राप्त अन्तर्राष्ट्रिय संस्थाहरूसँग समन्वय गर्दछ।

यसले निजी क्षेत्र र गैर-सरकारी संस्थाहरूसँग नीति तथा कार्यान्वयनसँग सम्बन्धित विषयहरूमा पनि आफ्नो क्षेत्राधिकारभित्र परामर्श गर्छ। हाल विदेशमा जम्मा ४० वटा नेपाली कूटनीतिक नियोग रहेका जस मध्ये, ३० नेपाली राजदूतावास, ३ संयुक्त राष्ट्रसंघका लागि स्थायी नियोग र ७ नेपाली महावाणिज्य दूतावास रहेका छन्।

(च) वैदेशिक रोजगार व्यवसायी संस्थाहरु

नेपाल सरकारले तोकेको मापदण्ड पुरागरी नेपाली श्रमिकलाई बिदेसमा रोजगारीकालागि सहजिकरण गर्न वैदेशिक रोजगार विभागबाट इजाजतपत्र प्राप्त ८३१ संस्थाहरु कार्यरत छन। वैदेशिक रोजगारिलाई सुरक्षित र व्यवस्थित बनाउन यी संस्थाहरुको नियमन र ब्यबस्थापन गर्ने कार्य विभागले गर्दै आएको छ । इजाजतपत्र प्राप्त संस्थाहरुले रोजगारीका अवसरको खोजी गर्ने, गन्तव्य मुलुकबाट मागपत्र प्राप्त गर्ने, सम्भावित कामदारहरुको भर्ना तथा छनौट गरी श्रम स्वीकृतिका सम्पूर्ण प्रक्रिया पुरागरी रोजगारीमा पठाउने कार्य गर्दछन।

(छ) <u>तालिम तथा अभिमुखीकरण संस्थाहरु</u>

वैदेशिक रोजगारीमा जाने प्रक्रियाको एक महत्वपुर्ण चरण पुर्व प्रस्थान अभिमुखीकरण तालिम हो, यस तालिमको लागि बैदेशिक रोजगार बोर्डले अभिमुखीकरण प्रदान गर्ने संस्थाहरुको छनौट तथा पाठयक्रम निर्धारण गर्ने कार्य गर्दछ। शिप मुलक तालिम सुरक्षित बैदेशिक रोजगारीको महत्वपुर्ण पक्ष भएपनि शिपलाई श्रम स्वीकृतिको प्रक्रियामा अनिवार्य गरिएको छैन ।

(ज) <u>गन्तव्य मुलुकका भीसा सहजीकरण संस्थाहरु</u>

हाल नेपालमा वैदेशिक रोजगार सम्बन्धी भिसाको सहजीकरण गर्नका लागी कतार भिसा सेन्टर रहेको छ। कतिपय श्रम गन्तव्य मुलुकको भिजिट भिसा सहजीकरण सम्बन्धी कार्य समेत ट्राभल एजेन्सीहरुले गर्ने गरेको पाईन्छ।

## २.३ त्रिभुवन विमानस्थल व्यवस्थापनसँग सम्वन्धित कमजोरीहरु

- भिजिट भिसामा बिदेश जाने प्रवृति बढ्दोरुपमा रहेको अबस्थामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत विभिन्न निकायहरु (TIA, अध्यागमन, वायुसेवा कम्पनी, विमानस्थल प्रहरी, अपराध महाशाखा, लागू औषध, पर्यटक प्रहरी, नेपाली सेना, NID, इत्यादी) बीच समन्वयकारी भूमिकाको कमी देखिएको।
- नियमित उडान तालिकाअनुसार कहिलेकाही उडान तालिकामा परिवर्तन हुँदा सम्बन्धित निकायबाट सरोकारवालाहरुमा समयमै जानकारी नहुनु ।
- अध्यागमनको Departure तथा Arrival दुवै तर्फ उपलब्ध सवै Counter हरु नियमित सञ्चालनमा नहुँदा साथै यात्रु भीड हुँदा लाइन व्यवस्थापन गर्ने ब्यबस्था नभएको ।
- आगमन भएका यात्रुहरुलाई Online Visa Application Form भर्न हाल उपलब्ध मेशिन न्यून संख्यामा भएको तथा उपलब्ध मेशिनहरुलाई दुरुस्त नभएको ।
- विमानस्थलको सुरक्षा व्यवस्थामा पटक पटक प्रश्नहरु आउने गरेको।
- अन्तरिक र अन्तर्राष्ट्रिय यात्रुको चाप संगै ट्रान्जिट यात्रुहरुको संख्यापनि वृद्धि भएकोले ट्रान्जिट यात्रुहरुको व्यबस्थापनमा समस्या रहेको।
- विमानस्थलमा खटिने प्रहरी कर्मचारीलाई विमानस्थल सम्बन्धी उन्नत तालिम तथा बैदेशिक तालिमको अभाव रहेको।
- समयानुकुल दरवन्दी संरचनामा परिमार्जन र कार्य प्रक्रियामा सुधार हुन नसक्नु ।
- भिजिट भिसामा देखिएका समस्या समाधानका लागि अध्यागमन विभाग र अध्यागमन कार्यालय बीच कसले के गर्ने एकिन नहुँदा जिम्मेवारी पन्छाउने प्रवृति हावी हुनु ।

## खण्ड- ३

## भिजिट भिसासँग सम्वन्धित समस्या

श्रम गन्तव्य मुलुकको भिजिट भिसा सम्बन्धी व्यवस्था र नेपाली नागरिकहरु भिजिट भिसामा जाँदा के कस्ता समस्या देखिने गरेको छ भन्ने सम्वन्धमा नेपाली नियोगहरुबाट प्राप्त विवरण निम्न बमोजिम रहेको छ ।

### ३.१ भिजिट भिसा सम्वन्धी गन्तव्य मुलुकमा भएको अभ्यास

*३.१.१ कतार*

कतारमा भिजिट भिसामा कामदार जाने व्यवस्था नभएतापनिआजाद भिसाको कारोबार हुने गरेको छ।कनीहरुले सो प्रयोजनका लागि भिसा उपलब्ध गराउने र कतार आइसकेपछि कम्पनीले उक्त व्यक्तिलाई no-objection certificate दिएर छाड्नेगरेको पाईन्छ।

यसरी लगिएका कामदारले आफै अन्यत्र काम खोजेर गर्नुपर्ने अवस्था रहन्छ।यस कार्यमा मेनपावर एजेन्सीले कतार स्थित कम्पनीसँग समन्वय गरी कामदारहरु ल्याउने गरेको र कतार आएका कतिपय कामदारहरुले समयमा काम नपाउने र सम्पर्क ब्यक्ति समेत बेपत्ता भईअलपत्र पार्ने समस्या देखिएको छ।

आफै काम खोजेर गर्नुपर्ने भएकोले यसलाई आजाद भिसा भनिएपनि ब्यक्ति कामदारको भिसामा नै आउने हुन्छ तर कतार सरकारले कम्पनी परिवर्तन गर्दा NOC नचाहिने र labor department को सिस्टमबाट मात्र परिवर्तन गर्न सकिने व्यवस्था गरेको छ। यसरी नगरेकोमा जुन कम्पनीको स्पोन्सरशीपमा आएको छ सोहि कम्पनीमाथिनैकामदारको कानुनी रुपमा जिम्मेवारीरहेको हुन्छ त्यसैले हालआजद भिसाको धेरै समस्या आउने गरेको छैन ।त्यसैले कतारमा भिजिट भीसाको समस्या नरहेपनि अन्यत्र छिमेकी मुलुकहरुमा भिजिट भिसामा आउने र कतारबाट कामदारको भिसा जारी गराई प्रतिबन्धित क्षेत्रजस्तो घरेलु कामदार, हाउसमेडमा कतार आउन सक्ने सम्भावना भने रहन सक्दछ, जसको नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

*३.१.२ साउदी अरेबिया*

साउदी अरेबियामा जुनसुकै व्यक्ति भिजिट भिसामा काम गर्नसक्ने अवस्था रहँदैन । त्यसमा पनि श्रमिक कामदारहरुलाई रोजगारदाता कम्पनीले औपचारिक भिसा प्रदान नगरी आउन सक्ने अवस्था

रहँदैन।साउदी अरेबियामा काम गर्न संस्थागत रुपमा श्रम स्वीकृति लिएर मात्र आउन सक्ने भएकोले यस प्रकारको समस्या देखिएको छैन।

३.१.३ संयुक्त अरब इमिरेट्स (यु.ए.ई)

नेपालीहरु रोजगारीकालागि भिजिट भिसामाजाने एक प्रमुख गन्तब्यको रुपमा युएई देखिएको छ।अध्यागमन विभागको तथ्यांक अनुसार सन् २०२१ मा ७२,०९४ जना नेपाली भिजिट भिसामा यु. ए.ई गएको देखिन्छ।

भिजिट भिसामा युएई आएका नेपालीले स्थानीय रुपमा रोजगारी प्राप्त गरेमा युएई सरकारले भिजिट भिसालाई कामदार भिसामा परिबर्तन गर्ने गरेको छ; जसले गर्दा अधिकांश नेपालीहरु भिजिट भिसामा प्रवेश गरी स्थानीय स्तरमा काम खोजी गरी कामदार भिसामा बस्ने गरेको पाइन्छ।युएई सरकारको यो प्राबधानलाई माध्यम बनाई रोजगारीको प्रलोभनमा स्वयं वा एजेन्टको सहयोगमा युएईमा रोजगारी खोज्ने क्रममा भिजिट भिसा अवधि सकिएर जरिबाना पर्ने र त्यस्तो जरिबाना तिर्ननसकी जेल पर्ने, अलपत्र पर्ने, एजेन्टबाट लाखौं रकम ठगीने,कोभिड १९को महामारीको अवस्थामा पनि धेरैजना एकै ठाउँमा कोचिएर बस्नुपर्ने, स्वास्थ्यसमस्या, उपचारको अभावमामृत्यु समेत हुने र मृत्यु भएको अवस्थामा शव नेपाल लैजान समेत समस्या हुने जटिलताहरु बढ्दै गइरहेको छ।

३.१.४ मलेसिया

विगतमा मलेशियासँगको बैदेशिक रोजगार अवरुद्ध हुँदा पर्यटन भिसामा मलेसियामा नै रोजगारीमा रहने गरेको समेत देखिएको थियो, साथै विभिन्न डान्स बारतथा रात्री क्लवहरुमा नेपाली युवतीहरुलाई पर्यटन भिसामालगेरकाम लगाउने गरेको समेत छिटपुफुट जानकारी प्राप्त भएको थियो। अन्य श्रम गन्तव्य मुलुकहरूको तुलनामा मलेसियामा भिजिट भिसामा जानेको संख्या न्यून नै रहेको देखिन्छ।

*३.१.५ ओमान*

ओमानमा भिजिट भिसामा गईकामगर्न मिल्ने कानुनी प्रावधान रहेको छैन । भिजिट भिसा मार्फत विषेश गरी यु ए ई लाई ट्रान्जिट बनाई घरेलु कामदारको रुपमा जानेमहिला कामदारहरु अलपत्रमा पर्ने तथा अन्य समस्याहरु पर्ने गरेको पाईएको छ।ओमानमा नेपालीहरु विभिन्न सेवा श्रेत्रमा कार्यरत रहेको विशेषगरी घरेलु कामदारका रुपमा काम गर्ने महिलाहरुको संख्या बढी रहेको छ ।

*३.१.६ बहराइन*

बहराइनमा भिजिट भिसामा गई श्रम गर्ने व्यवस्था छैन । भिजिट भिसामा यहाँ आएर काम नै न पाई अलपत्र परें भन्ने उजुरी गुनासो हाल सम्म प्राप्त नभए पनि यदाकदाभिजिट भिसामा आई कम्पनीमा कार्यरत रहँदा कम्पनी सँग गरेको करार बमोजिमको सेवा सुविधा प्राप्त हुन नसकेको गुनासो नगन्य रुपमा नेपाली राजदुतावासले प्राप्त गर्ने गरेको छ ।

*३.१.७ दक्षिणकोरिया*

हाल कोरियामा नेपालीहरु E९ भिसामा रहेर कार्यरत छन् , विशेष अवस्था बाहेक विगत २ वर्ष देखि shortterm र भिसिट भिसा बन्द भएको र त्यस भन्दा अघिनै भिजिट भिसामा ल्याई अबैधानिक रुपमा राखी काम लगाएको अबस्थामा प्रायोजकनै जबाफदेही हुने भएकोले भिजिट भिसा सम्बन्धि खास समस्या रहेको छैन ।

## ३.२ भिजिट भीसा लिई बैदेशिक रोजगारीमा जाने कारणहरु

- श्रम अनुमति/स्वीकृति प्रक्रिया झन्झटिलो र जटिल हुनु,
- भिजिट भिसा सम्वन्धी स्पष्ट मापदण्ड/कार्यविधि नहुनु,
- वैधानिक तरिकाले जाने विषयमा पर्याप्त जानकारी नहुनु,
- भिजिट भिसामा जाँदाप्रकृयागत सबै कार्य सहजकर्ता वा विचौलियाले गरिदिने,
- सरकारले निषेध गरेका क्षेत्रमा जाने प्रवृत्ति,
- व्यक्तिगत सम्बन्धको कारण गन्तव्य मुलुकमा रोजगारीको अवसर उपलब्ध हुनु,
- रोजगारदाता कम्पनी औपचारिक प्रक्रियामा आउन नचाहनु,
- संस्थागत व्यवसायीसँग आधिकारिक माग पत्र, कोटा र पूर्वस्वीकृति नहुँनु,
- संस्थागत दायित्ववाट पन्छिने उद्देश्यले अभिलेखित नगरी पठाउने प्रवृत्ति रहनु,
- खुला सिमानाको प्रयोग गरी भारतबाट तेस्रो मुलुक जाने कार्य नियन्त्रण गर्न जटिल हुनु,
- श्रम गन्तव्य मुलुक खासगरी युएईले भिजिट भिसालाई कामदार भिसामा परिवर्तन गरिदिने।

## ३.३ भिजिट भिसामा बिदेश जाँदा देखिएका समस्या तथा प्रभाव

बैदेशिक रोजगारीको खोजीमा भिजिट भिसालिई विदेश गई अलपत्र पर्ने, ठगिने तथा बेच विखनमा पर्ने अवस्था विद्यमान रहनु मुख्य समस्याको रुपमा रहेको छ।

श्रम स्वीकृति नलिई भिजिट भिसाको आधारमा रोजगारी पाइने प्रलोभनमा बिदेश जाने युवाहरु बिचौलियाबाट ठगिने गरेका छन्। आकर्षक योजना, काम तथा सेवा सुविधाको प्रलोभन र विश्वासमा पर्ने भएको हुँदा उनिहरुसंग आधिकारिक कागजात नहुने र अभिलेखित समेत नहुँदा विदेशमा कामको खोजी गर्दा गर्दै अलपत्र पर्ने, सम्पर्क संस्था तथा व्यक्ति वेपत्ता हुने र न्यूनतम खाना,बास तथा फर्कने टिकट समेत नहुने समस्या देखिएको छ ।

विभिन्न निकाय तथा पदाधिकारीहरु संगको मिलोमतो र सेटिङ्गमा उड्नुपर्ने हुँदा अफलोड हुने, ट्रान्जिटबाट फर्काउने, गन्तव्य मुलुकमा लिन नआउने, भाषाको ज्ञान नहुँदा आफैले व्यवस्थापन गर्न नसक्ने जस्ता अप्ठ्याराहरुमा कामदारहरु पर्ने गरेको पाइन्छ भने हवाईजहाजमा चढाएर प्रस्थान आदेश (Departure Order) प्राप्त भैसकेपछि बिचौलियासँग सम्पर्क नहुने र स्वयं जिम्मेवार हुनुपर्दा श्रमिकहरु ठूलो मर्कामा परेको अवस्था रहेको छ।

श्रम स्वीकृति नलिई गएका कामदारहरुलाई रोजगारदाता कम्पनीले काममा लगाए तापनि श्रम कानून अनुसारका सुविधाहरु उपलव्ध नगराउने हुँदा झनै जोखिम हुने गरेको र दूर्घटना वा अन्यथा केहि भएमा, परिवारजनले पाउने सुविधा उपलव्ध गराउन कानूनी रुपमा जटीलता रहने हुन्छ। भिजिट भिसामा गएका कामदारहरुलाई स्वदेशबाट उपलव्ध हुने सेवा सुविधा समेत उपलव्ध गराउन नमिल्ने र बहिर्गमित कामदार अभिलेखमा गणना नहुँदा यसले राष्ट्रिय तथ्यांक तथा अन्य प्रणालीमा समेत असर पुग्ने देखिन्छ।

### ३.४ समस्याका कारणहरु

(क) श्रम प्रकृया झन्झटिलो तथा अपेक्षितरुपमा सरल, सहज र पारदर्शी नहुनु

(ख) भिजिट भिसासम्वन्धी मापदण्ड स्पष्ट नहुनु

(ग) भिजिट भिसालाई खाडी मुलुक विशेष गरेर यु.ए.ईले कामदार भीसामा परिणत गरिदिने

(घ) भिजिट भिसालिई कामको खोजीमा जाने कामदारहरुमा न्यून चेतना र प्रलोभनमा फस्नु

(ङ) भिजिट भिसामा कामदार पठाउन सकृय विचौलिया, दलालहरु वीचमा हुने "सेटिङ्ग"

(च) आप्रवासन सुशासन (Migration Governance) कायम गर्न नसक्नु

### ३.५ काम गर्ने उद्देश्यले भिजिट भिसामा जाँदा परेको प्रभाव

भिजिट भिसामा रोजगारी गर्ने उद्देश्यले विदेश जाँदा मुख्यरुपमा देहाय बमोजिमको प्रभाव परेको देखिन्छ।

(क) श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जाने भन्दा भिजिट भिसामा जाने संख्यामा वृद्धि हुने।

**(ख)** भिजिट भिसामा जाने नेपाली नागरिकको सुरक्षा वा श्रमिक कल्याण सम्वन्धी अभिलेखिकरण नहुने हुँदा उनीहरुको परिवारले पाउने सेवा सुविधाबाट बञ्चित हुने ।

**(ग)** रोजगारीको लागि जाने नेपाली नागरिकहरु भारत अथवा अन्य मुलुकबाट अनौपचारिक माध्यमबाट तेश्रो मुलुकमा जाने प्रवृति बढ्न सक्ने।

**(घ)** वैधानिकरुपमा कामदार पठाउने संस्थाहरुले समेत प्रमाणित मागपत्र र कोटा नभएको अवस्थामा र दायित्वबाट पन्छिन भिजिट भीसाको दुरुपयोग गर्नसक्ने।

**(ङ)** अलपत्र पारिएका कामदारहरुको उद्धार गर्न कठिनाई हुने।

**(च)** भिजिट भीसालिई काम गर्ने उद्धेश्यले बाहिर जादा अधिक मात्रामा अमेरिकी डलर बाहिरिने र सो बाट देशको सोधनान्तर स्थितिमा नकारात्मक प्रभाव पर्ने देखिन्छ ।

**(छ)** भिजिट भीसा मार्फत खास गरेर यु.ए.ई.लगायतका खाडी मुलुकमा पुगी अलपत्र परेमा नेपालीहरुलाई नेपाल फिर्ता ल्याउन विभिन्न जटिलताहरु हुने र राज्यको आर्थिक व्ययभार समेत बढ्ने देखिन्छ ।

### ३.६ भिजिट भीसामा श्रमिकहरु पठाउन संलग्न व्यक्ति तथा संस्था

सामान्य कामदारलाई भिजिट भिसामा रोजगारीका लागि विदेश जाने भन्ने विषयमा कुनै जानकारी हुदैन। वैदेशिक रोजगारीको खोजीमा भएका युवा युवतीहरु विभिन्न व्यक्तिहरूको सम्पर्कमा आउने क्रममा गैर कानुनी तवरबाट भिजिट भिसाका माध्यमबाट विदेशमा पु-याउने गरेको पाइन्छ।

वैदेशिक रोजगारका लागि स्वीकृत सस्थाहरुको सम्पर्कमा आउदा समेत भिजिट भिसामा पठाउने बिचौलियाले उनीहरुलाई प्रलोभन देखाई प्रभावमा पार्ने गरेको पाइन्छ। वैधानिक प्रक्रियाबाट जाँदा समय लाग्ने रअनेकन अड्चन देखाई छिटो छरितो माध्यमबाट जाने उपायको रुपमा बिचौलियाले भिजिट भिसामा जान बाध्य पार्ने गरेको देखिन्छ। भिजिट भिसामा पठाउदा बिचौलियाहरूको गिरोह सञ्जालले सक्रियतापूर्वक काम गरिरहेको हुन्छ, सामान्यतया यस कार्यमा निम्न प्रकारका व्यक्ति तथा संस्थाहरूको संलग्नतामा रहेको पाइएको छ;

(क) बिचौलियाहरू

(ख) ट्राभल एजेन्ट्स, टुर अपरेटरहरु

(ग) होटल व्यवसायमा संलग्न व्यवसायी

(घ) वैदेशिक रोजगार व्यवसायसँग कुनै रूपमा सम्बन्ध रहेका निम्न व्यक्ति/संस्था;


- बैदेशिक रोजगार अनुमतिप्राप्त व्यवसायी र संस्था
- वैदेशिक रोजगार व्यवसायप्रवर्धक, श्रम प्रतिनिधि

- स्वास्थ्य परीक्षणमा संलग्न व्यक्तिहरु,
- अभिमुखीकरण तथा सीप विकास तालिम सञ्चालनमा संलग्न व्यक्तिहरु,
- पैसा सटही गर्नेव्यक्ति/संस्था,
- भिसा प्रोसेसिङ र लेखबद्ध (documentation) गर्ने प्रक्रियामा संलग्न
- भाषा प्रशिक्षक/तालिम प्रदायकहरु
- परामर्श सेवाकेन्द्र (consultancy service center),
- वायुसेवा निगमसंग सम्बन्धित व्यक्तिहरु
- इन्टर्नशिपकालागि विदेशमा विद्यार्थीको रुपमा पठाउने(होटल ब्यबस्थापन तथा तालिम प्रदायक संस्थाका सञ्चालकहरु) (मलेसिया तथा दुबईमा इन्टर्नशिपकालागि सीमित विद्यार्थी पठाई अन्य कामदारलाई इन्टर्नको रुपमा पठाउने),
- तीर्थयात्रीको रुपमा समूहमा पठाउने धार्मिक प्रकृतिका संस्थाहरु,
- कला, संगीत, खेलकुद क्षेत्रका संस्थाको नाममा गैर सम्वन्धित क्षेत्रका असम्बन्धित व्यक्तिहरु लैजाने ,
- सहकारी, कृषक समूह, टोल समुह, उपभोक्ता समूह, बन समूहका वा विभिन्न व्यवसायीक समूहको नामबाट सदस्यको रुपमा गैर सदस्य समेत समावेश गरी लैजाने गरेको,
- विद्यार्थी भ्रमणको कार्यक्रम बनाईगैर विद्यार्थीहरुलाई लैजाने शैक्षिक संस्थाहरु,

## ३.७ भिजिट भिसाबाट प्रस्थान सम्वन्धी तुलनात्मक विवरण

अध्यागमन विभागको तथ्यांक अनुसार २०२० मा भन्दा २०२१, मा खाडी मुलुकहरु र त्यस मध्येमा पनि विशेषगरी यु. ए. इ मा पर्यटक (भिजिट भिसा ) मा जानेहरुको संख्या उल्लेख्य बढेको छ, सन् २०२१मा मात्र ७२,०९४ नेपालीयु. ए. इ गएको देखिन्छ। अगस्ट २०२० देखि डिसेम्बर र २०२१को सोहि अबधिको तथ्यांकलाई तल दिएको तालिकामा विश्लेषण गरिएको छ ।

<u>भिजिट भिसामा जानेकोतुलनात्मक विवरण</u>(स्रोत : अध्यागमन विभाग)




| | अगस्ट २०२० देखि डिसेम्बर २०२० | अगस्ट २०२१ देखि डिसेम्बर २०२१ |
|---|---|---|
| यएई | ७७४९ | ५४०२६ |
| कतार | ३ | ३०७ |
| साउदी अरविया | १४ | १७६ |
| मलेशिया | २ | ३२ |
| वहराइन | २० | ४५ |
| कुवेत | ७ | ६० |

यसरी पर्यटक भिसामा जानेहरुको संख्या उल्लेख्य रुपमा बढनुमा ति देशहरुले भ्रमण वर्ष घोषणा गरी विभिन्न एक्सपोहरु संचालन गर्नु एउटा कारण हो भने नेपाल तर्फका अन्य (निम्न लिखित) कारणहरु जिम्मेबार रहेका छन ।

(क) विदेशबाट प्राप्त कामदारहरुको माग भन्दा नेपालबाट श्रमका लागि विदेश जान चाहने व्यक्तिहरु धेरै भए पछि मेनपावर व्यवसायीहरुले पर्यटक भिसामा विदेश कामदार पठाउने र त्यहाँ काम पाइने प्रलोभन देखाउने गरेका कारण नेपालीहरु विदेशमा आफन्त भएकोले उनिहरुलाई भेट्न जाने, एक्सपो लगायतका कार्यक्रममा भाग लिन जाने, केही समयका लागि भ्रमणमा जाने कुरा बताएर जाने गरेको ।


(ख) अध्यागमन प्रस्थान विन्दुमा जाँच गरिने प्रक्रिया लामो तथा यस्ता कागजातहरु नक्कली रुपमा समेत बन्ने गरेको घटनाहरु समेत फेला पर्ने गरेका छन । उदाहरणको लागि नक्कली नाता प्रमाणित बनाउने, गन्तब्य मुलुकमा होटल बुकिङ्ग गर्ने तर अध्यागमन विन्दु पार गरेपछि सो रद्द गर्ने, कतिपय होटलका वेभसाइट नखुल्ने भएका कारण बुकिङ्ग भएको हो होइन जाँच गर्न नसकिने, विदेशमा आफन्त भएको हुनुपर्नेमा कति नजिकको आफन्त हुनुपर्ने हो एकिन रुपमा उल्लेख नभएका कारण टाढाको नाता पर्ने आफन्त भेट्न जान पनि भिजिट भिसाको प्रयोग गरेको पाइन्छ ।

(ग) माथि उल्लखित व्यवस्था अन्तरगत खास गरी पुरुषहरुको हकमा होटल वुकिङ्ग गरेको कागजात र महिलाहरुको हकमा विदेशमा आफन्त भएको कागजातका विषयमा अध्यागमन

अधिकृतहरुले स्वविवेकीय अधिकार प्रयोग गर्ने गरेको र कतिपय अवस्थामा अध्यागमन कार्यालय त्रि अ वि मा रहेका ३ ओटा सिफ्टमा समेत एकरुपता नभएको पाइन्छ ।

**अफलोड र रिलोडको विवरण**

अगस्ट देखि डिसेम्वर२०२१सम्मको विवरण भिजिट भिसा अन्तर्गत अफलोडको तथ्याकं विश्नलेषण गर्दा नोभेम्बर महिनामा बढी संख्यामा अफलोड र रिलोड भएको देखिन्छ ।




### ३.८ समस्या समाधानका लागि भएका प्रयास

भिजिट भीसाकोमाध्यमबाट खाडी मुलुकहरुमा पुगी अलपत्र पर्ने र नेपाल फर्किन समेत कठिनाई भएका ठूलो संख्याका कामदारहरु बैदेशिक रोजगार व्यवस्थापनको लागि चूनौतिको रुपमा रहेका छन्। कुटनीतिक नियोगहरुको सीमित व्यवस्थापकीय क्षमताका कारण त्यस्ता व्यक्तिहरुलाई पहिचान गर्ने, तिनिहरुको अल्पकालिन व्यवस्थापन गर्ने तथा पिडकलाई कानूनी दायरामा ल्याउने एवं पीडितहरुको गुनासो समेत सम्वोधन गर्ने कार्य जटील रहको छ ।

यस बिषयमा कुटनीतिक नियोग तथा श्रम सहचारीहरुले नियमित रुपमा प्रतिवेदन र समन्वय गरी रोजगारीको लागि भिजिट भीसाको दुरुपयोग नियमन गर्न नेपाल सरकारका सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउदै आएको पाईन्छ।भिजिट भीसाबाट उत्पन्न समस्या समाधानका लागि विगत देखि नै विभिन्न प्रयास हुँदै आएको भएता पनि ती प्रयासहरु प्रभावकारी देखिएका छैनन।

भिजिट भीसाको दुरुपयोग गरी श्रम गर्ने उद्देश्यले जाने व्यक्तिहरुलाई नियन्त्रण गर्न मूलत: निम्न प्रयास भएको पाइन्छ ।

क. प्रवर्द्धनात्मक कार्यहरु:श्रम सचेतना, बैदेशिक रोजगारीमा जादा बैधानिक माध्यमबाट मात्र जाने सम्बन्धी विभिन्न प्रचारात्मक अभियान संचालन गरिएको छ ।

ख. नियामक निकायहरुको सकृयता: अध्यागमन विभाग तथा कार्यालयहरुबाट मापदण्ड निर्माण गरी कार्यान्वयन गरिएको, डेस्कमा Screening गर्ने गरिएको, अध्यागमन डेस्कबाट सोधपुछ (Inquiry) गरी मापदण्ड नपुगेका व्यक्तिहरुलाई अफलोडगर्ने गरिएको छ। यसका अतिरिक्त अनुगमन, मूल्यांकन समेत गरी गैरकानूनी रुपमा पठाउने कार्यमा संलग्न व्यक्ति/संस्थाहरुलाई कानूनी कारवाही गरिएको देखिन्छ।

ग. कुटनीतिक पहल तथा उद्धार कार्य: कुटनीतिक नियोग मार्फत भिजिट भीसालाई कामदार भिसामा परिणत गर्ने सम्बन्धित मुलुकका समकक्षीसंग कुटनीतिक सम्वाद र पहल, यस्ता कार्यमा संलग्न व्यक्ति/संस्थाको पहिचान र सूचना संकलन गरी कानूनी कारवाहीका लागि प्रकृया अगाडि बढाइएको, अलपत्र व्यक्तिहरुलाई वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सकृयताम उद्धार गर्ने गरिएको छ ।

ङ. श्रम कल सेन्टर तथा मार्शल टोली: वैदेशिक रोजगार तथा भिजिट भिसा सम्वन्धी गुनासो तथा जिज्ञासाहरुको समाधान तथा सेवाको प्रभावकारीताका श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मा स्थानान्तरण गरीएको तथा श्रम तथा भिजिट भिसामा गई अलपत्र परेका व्यक्तिहरुको गुनासाहरुको सुनुवाई तथा आवश्यक उद्दारका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत मार्सल टिम गठन गरि कार्य प्रारम्भ गरिएको छ ।

घ. अन्य कार्यहरु: भिजिट भिसाको दुरुपयोग गरी कामदारहरुलाई पठाउने कार्य नियन्त्रणका लागि निकायगत समन्वय तथा सहकार्य गरिदै आएको छ ।

ङ <u>कार्यदल गठन पश्चात भएका कार्यहरु:</u>

- ❖ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्थलगत अनुगमन
- ❖ वैदेशिक रोजगार सम्वन्धी गुनासो तथा जिज्ञासाहरुको समाधान तथा सेवाको प्रभावकारीताका लागि वैदेशिक रोजगार सचिवालयमा रहेको श्रम कल सेन्टर श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा स्थानान्तर गरी कार्य संचालन गरिएको ।
- ❖ भिजिट भिसामा गएका नेपाली कामदारहरु अलपत्र परि आवश्यक उद्दारका लागि सुनुवाई गर्ने क्रममा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिवको नेतृत्वमा मार्सल टिम गठन गरी कार्य प्रारम्भ गरिएको ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा कल सेन्टर स्थापना पछिमोवाईल- राष्ट्रिय तथा अन्तराष्ट्रिय कल,Viber, IMO, Whats'app, Messengerआदिबाट(मिति २०७८ साल माघ१६ गते देखि ऐ फागुन ४ गतेसम्म)प्राप्त भएको गुनासो विवरण देहाय बमोजिम छः-

| देश | गुनासोको संख्या | भीसाको प्रकार | गुनासोको प्राथमिकता | | |
|---|---|---|---|---|---|
| | | | जरुरी | मध्यम | सामान्य |
| युएई (UAE) | २८ | भिजिट भिसा | १८ | १ | ९ |
| कुवेत | २ | भिजिट भिसा | १ | | १ |
| साउदी अरेवीया | २ | भिजिट भिसा | १ | १ | |
| ओमान | १ | भिजिट भिसा | १ | | |
| कम्वोडिया | १ | भिजिट भिसा | १ | | |
| पोर्चुगल | १ | भिजिट भिसा | | १ | |
| वेलायत | १ | भिजिट भिसा | | | १ |
| चेक रिपब्लिक | १ | भिजिट भिसा | | १ | |
| क्रोएशिया | १ | भिजिट भिसा | | १ | |
| मुलुक नखुलेको | ५ | भिजिट भिसा | २ | २ | १ |
| जम्मा | ४३ | | २४ | ७ | १२ |

स्रोत : अध्यागमन विभाग

## ३.९ भिजिट भीसा व्यवस्थापन एवं नियमन गर्दा पर्ने प्रभाव

मुलुकमा आन्तरिक रोजगारीका अवसर न्यून हुनु, श्रम प्रतिको सम्मान नहुनु, स्वरोजगार हुने अवस्था नहुनु तथा कोभिडको कारणले आर्थिक गतिविधिमा आएको सिथिलताको कारण रोजगारीका लागि बिदेश जाने युवाहरुको ठूलो संख्या रहेको छ ।बैधानिक प्रकृयाबाट श्रम स्वीकृति लिई बिदेश जाने प्रकृया लामो तथा झण्झटिलो समेत भएको कारण बिचौलियाको प्रलोभनमा परी कुनै पनि माध्यमबाट बिदेश जान युवाहरु उद्धत रहको देखिन्छ।

भिजिट भिसाको प्रकृयामा कडाइ गर्दा दलाल तथा बिचौलियाहरुले लागत बढाउने एवं विदेशी विमानस्थल समेतको प्रयोग गरी पठाउने गरेको पाइन्छ।यस्तो अवस्थामा अझ बढीजोखिम रहने र कामदारहरु ठगिने वा अलपत्र पर्ने सम्भावना बढी हुने गरेको पाइएको छ । बैदेशिक रोजगार सम्बन्धी व्यवसाय गर्ने इजाजत प्राप्त संस्थाहरुसंग समेत कोरोनाको कारण गन्तव्य मुलुकका रोजगारदाता कम्पनीहरुबाट पर्याप्त मागहरु नभएको हुँदा गैर व्यवसायिक रुपमा कार्य गर्ने केही संस्थाहरु समेत यस प्रकारको कार्यमा संलग्न हुने गरेको अध्ययनले देखाएको छ ।

भिजिट भिसालाई कडाई गर्दा सीमावर्ती अन्तराष्ट्रिय विमानस्थलबाट अवैधानिक तरिकाबाट बहिर्गमन हुन सक्ने सम्भावनालाई न्यूनीकरण गर्न सम्बन्धित अध्यागमन प्रशासन एवं विमानस्थलहरुमा समेत No Objection Letterअनिवार्य गर्ने तथा अन्य उपायका सम्बन्धमा कुटनीतिक समन्वय हुन जरुरी देखिन्छ।

**३.१० भिजिट भीसा व्यवस्थापनका विकल्प**

- श्रम स्वीकृति प्रकृयालाई थप सरल, पारदर्शी र छिटो बनाउने ।
- भिजिट भिसा मापदण्ड थप स्पष्ट बनाई प्रभावकारी कार्यान्वयन गर्ने ।
- लिगलाईजेशनका लागि टोली खटाई अभिलेखिकरण गर्ने/ अनुमति-पत्र प्रदान गर्ने।
- यु. ए. ई लगायतका मुलुकको लागि छुट्टै नीतिगत व्यवस्था गर्ने।
- नेपाल सरकारबाट इजाजत पत्र प्राप्त संस्था (ट्राभल्स् एजेन्सी अथवा टुर अपरेटर) लगायत सरोकारवाला निकायहरुलाई थप जिम्मेवार बनाउने गरी कानुनी व्यवस्था गर्ने।
- सचेतना अभिवृद्धिकालागि सूचना सामग्रीहरुको उत्पादन तथा प्रचार कार्यलाई थप प्रभावकारी बनाउने।
- भिजिट भिसा व्यबस्थापन तथा अनुगमनका लागि स्थायी प्रकृतिको अन्तर निकाय कार्यदल गठन गर्ने ।

**३.११ भिजिट भीसा मापदण्ड/कार्यविधिमा गर्नुपर्ने व्यवस्था:**

(क)<u>भिजिट भिसामा प्रस्थान अनुमति दिदा देहायका आधार लिन उपयुक्त हुने</u>

१. भ्रमणको **उद्देश्य तथा कार्यक्रम**

२. भिजिट भिसामा प्रस्थान गर्न **आधारभूत मापदण्ड/प्रक्रिया र कागजात** पुरा भए/नभएको (राहदानी, बैध भीसा, हवाई टिकट र गन्तव्यसम्मको बोर्डिङ्ग पास,होटल वा आवासको व्यबस्था, भ्रमण अबधिको खर्च र भ्रमण सम्वन्धी कागजातहरु)

३. **आमन्त्रण वा प्रायोजन** (sponsorship)खुल्ने प्रमाण

४. **विदेश यात्राको अनुभव** तथा भ्रमण गरेका मुलुक

५. भ्रमणकर्ताको नेपालमा भएको **पेशा, व्यबसाय वा रोजगारी**

६. **बार्षिक औसत आय** तथा कर सम्बन्धी विवरण

७. **शैक्षिक योग्यता तथा भाषिक दक्षता** (अंग्रेजी/अन्य अन्तराष्ट्रिय भाषा खाडी मुलुकको हकमा अरेवीक भाषा सीप)

८. गन्तब्य मुलुकमा रहेका **नाता/ सम्बन्ध/ परिवार**

९. **भ्रमणको प्रकृति** —व्यक्तिगत/संस्थागत/सरकारी

(ख)भिजिट भिसा मापदण्डमा समावेश हुनुपर्ने विषयहरु

- राहदानी, भ्रमण तालिका **(Itinerary)** सहितको दुईतर्फी हवाई टिकट र भ्रमणसँग सम्बन्धित कागजातहरु,
- पेश गरेको राहदानी लगायतका कागजात सम्बन्धित यात्रु कै भए/नभएको यकिन गर्ने ,
- सम्बन्धित यात्रु अध्यागमन सूचना प्रणाली (नेपाली पोर्ट) मा कालोसूचीमा भए/नभएको यकिन गर्ने, कालोसूचीमा भएको देखिएमा नेपाल प्रहरीको जिम्मा लगाई सम्बन्धित निकायमा पठाउने,
- कागजात सामान्य रुपमा शंकास्पद देखिएको तर फर्जी हो भन्ने यकिन गर्न नसक्ने भएमा यात्रुलाई प्रस्थान अनुमति दिई छानबिनका लागि कागजात विभागमा पठाउने,
- आवश्यक कागजात साथमा नभएमा अफलोड गरी के-कुन कागजात अपुग भएको हो स्पष्ट रुपमा खुलाई यात्रुलाई समेत नेपाली पोर्ट सिर्जित अफलोड पत्र दिने,
- डलर सटहीको प्रमाण अध्यागमनबाट सन्चालित नेपाली पोर्टमा आवद्ध भएको हुनुपर्ने
- होटल बुकिङ्ग गरेको प्रमाण (Website बाट रुजु गर्ने)
- अस्पताल वा शिक्षण संस्थाको कार्यक्रमको अनुभव आदानप्रदान वा ट्राभल एजेन्सीले प्रस्थान हुनु अघि अध्यागमन विभागमा लिखित अनुरोध गरी फर्काउने कब्बुलियतनामा गरी सम्बन्धित निकायले जिम्मेवारी लिने भएमा टुर प्याकेज, शैक्षिक भ्रमण कार्यक्रम अथवा यस्तै प्रकृतिको अन्य कार्यक्रमका सन्दर्भमा विभागको निर्णयनुसार हुने।

(ग) <u>महिलाहरु भिजिट भिसामा जानका लागि हेर्नुपर्ने थप विषय:</u>

माथि खण्ड (क) र (ख) मा उल्लेख भएका विषयका अतिरिक्त देहायका विषय

- आमा बाबु, सासु ससुरा, छोरा छोरी, श्रीमान श्रीमती, दाजुभाइ दिदीबहिनी वा एकाघरको नागरिकताबाट नाता सम्वन्ध खुल्ने व्यक्ति र यीनै नातेदार संगसँगै यात्रा गरिरहेको (धर्मपुत्रपुत्री- बा-आमासमेत)
- गन्तव्य मुलुकमा रहेका आफन्तले भ्रमण प्रायोजन गरी पठाएको भिसा तथा कागजात र निजको आफन्त विदेशमा रहेको प्रमाण खुल्ने कागज
- न्यूनतम २ वर्ष भन्दा बढी समय विदेशी मुलुकमा व्यतित गरेको अभिलेखबाट प्रमाणित हुने ब्यक्ति,

- उच्च माध्यमिक तहको औपचारिक शिक्षा वा सो सरहको प्राविधिक/व्यावसायिक सीप दक्षता भई आधिकारिक निकायबाट प्रमाणीकरण भएका

(घ) भिजिट भिसामा जानसक्ने यात्रुहरु:

- पटक पटक विदेश यात्राको अभिलेख भएका,
- न्यूनतम २ वर्ष भन्दा बढी समय विदेशी मुलुकमा व्यतित गरेको अभिलेखबाट प्रमाणित हुने ब्यक्ति,
- न्यूनतम उच्च माध्यमिक तहको औपचारिक शिक्षा वा सो सरहको प्राविधिक/व्यावसायिक सीप दक्षता भई आधिकारिक निकायबाट प्रमाणिकरण भएकातथा उच्च शिक्षा हासिल गरेका, अध्येता, विज्ञ, प्राविधिक
- अंग्रेजी वा गन्तव्य मुलुकमा बोलिने अन्तराष्ट्रिय भाषाको राम्रो सीप भएका
- आफ्नो एकाघरको नातेदारका साथमा भ्रमणमा जाने तथा एकाघरको व्यक्तिको आमन्त्रण र प्रायोजनमा जानेब्यक्ति
- गन्तव्य मुलुकमा रहेको नियोगबाट प्रमाणित कागजात सहित शिफारिस भएका
- सरकारी कामको सिलसिलामा विदेश भ्रमण गर्ने सरकारी निकायका प्रतिनिधिहरु
- अन्तराष्ट्रिय कारोवार गर्ने बैंक तथा वित्तिय संघ संस्थाका प्रतिनिधि एवं अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाका प्रतिनिधि भई भ्रमण गर्न जाने प्रतिनिधिहरु।
- नेपालमा सामान आयात-निर्यात गर्ने व्यावसायिक संस्थाका प्रतिनिधिहरु र व्यवसायिक कम्पनी/फर्मका सञ्चालक वा व्यवसायीहरु
- प्रचलित कानुन बमोजिम स्थापित संगठित संस्थाको नेतृत्व वा प्रायोजनमा आफ्ना सदस्यहरु/कर्मचारीहरु समूह बनाई खाडी राष्ट्र र मलेसिया भ्रमण कार्यक्रममा जान अध्यागमन विभागबाट पूर्व स्वीकृति प्राप्त गरेका ब्यक्ति
- ट्राभल एजेन्सीको घोषित टूर-प्याकेजमा निर्धारित भ्रमण कार्यक्रम सम्पन्न भएपछि फर्काउने प्रतिवद्धता र जिम्मेवारी स्वघोषणा गरेका सूचीमा संलग्न व्यक्ति (तर खाडी मुलुक र मलेसियाको हकमा अध्यागमन विभागको पूर्व स्वीकृति आवश्यक पर्नेछ।)
- वार्षिक न्यूनतम १० लाख रुपैया कर योग्य आय भै कम्तिमा सो को आधा रकम बैंक खातामा बचत भएका र नेपालको कर प्रणालीमा आवद्धता भएका व्यक्तिहरु ।
- औद्योगिक तथा व्यवसायिक गतिविधिमा अन्तर्राष्ट्रिय सञ्जालमा आवद्ध संस्थासँग सम्बन्धित आधिकारिक प्रतिनिधिहरु

- वैदेशिक रोजगार व्यवसायको बजार प्रवर्द्धनको लागि जाने म्यानपावर व्यवसायीहरु (संचालक वा आधिकारिक प्रतिनिधि मात्र)।
- बिरामी कुरुवा वा रेखदेखको कार्य गर्नजाने (तीन पुस्ता भित्रका) पारिवारिक सदस्यहरु

(ङ) खाडी मुलुक, मलेसिया, अफ्रिकन मुलुक र जोखिम भएका मुलुकहरुको भ्रमणमा जाने खेलाडी तथा कलाकारहरुको हकमा आयोजकबाट आधिकारिक निमन्त्रणा वा प्रायोजन पत्र प्राप्त गरेका सूचीमा संलग्न व्यक्ति (आयोजकको आमन्त्रण र प्रायोजन सम्वन्धी कागजात वेवसाईट/अनलाईन रुजु हुनुपर्ने अथवा सम्वन्धित मुलुकमा रहेको नेपाली नियोगबाट प्रमाणित/सिफारिश भएको हुनुपर्ने सो नभएमा सम्वन्धित निकायको शिफारिशमा अध्यागमन विभागबाट पूर्व स्वीकृति प्राप्त हुनुपर्ने। यसरी समूह वा व्यक्तिगतरुपमा भ्रमणमा जाने विषयमा शिफारिस गर्दा शिफारिस गर्ने निकाय जिम्मवारी रहने।)

(च) माथि बुँदा नं (घ) मा उल्लेख भएको मापदण्ड वा आधारमा नपर्ने व्यक्तिको हकमा अध्यागमन विभागबाट अनिवार्य रुपमा पूर्व स्वीकृति प्राप्त गरेपछि मात्र भीसा तथा हवाई टिकट सम्वन्धी प्रकृया अगाडी बढाउन सम्वन्धित सरोकार पक्षलाई सुसूचित गर्ने।

(छ) खाडी मुलुक, मलेशिया तथा अफ्रिकन मुलुकहरु र जोखिम भएका देशमा प्रवेश गर्ने व्यक्तिका लागि भिजिट भिसामापदण्डमा रहेका मुख्य मुख्य सूचकको आधारमा यात्रुले स्वयं मूल्याङ्कन गरी भ्रमण योग्यता परीक्षण गर्नसक्ने मोवाईल एप/web base application/software निर्माण गर्न उपयुक्त हुने भएको र सो सम्वन्धी विवरण अनुसूची-३ मा संलग्न रहेको छ।

## खण्ड-४
## सुझाव तथा सिफारिस

### ४.१ समस्या समाधानको रणनीतिः

गैर कानुनी प्रकृया तथा बाटोबाट विदेश जाने विषय नियन्त्रण गर्न कुनै एक संस्था तथा नियमनकारी व्यवस्था मात्र पर्याप्त हुदैन। यसमा सरोकार राख्ने सबै निकाय तथा संस्थाहरुबाट विभिन्न रणनीति अवलम्वन गरी समन्वयात्मक प्रयास हुन सकेमा पर्यटकीय भीसाको दुरुपयोग, ठगी तथा विदेशमा नेपालीहरु अलपत्र हुने घटना न्यूनीकरण हुन सक्ने देखिएकोले देहायका रणनीतिक क्षेत्रमा सरोकारवालाहरु वीच समन्वयात्मक रुपमा विभिन्न कार्यक्रमहरु सञ्चालन हुन उपयुक्त देखिन्छ।

**(क)प्रवर्धनात्मक कार्य**

बैदेशिक रोजगारीमा जान ईच्छुक व्यक्तिहरुसँग सो सम्वन्धी न्यूनतम आवश्यक ज्ञान तथा सूचना नहुँदा ठगीका घटनाहरु बढेको पाईन्छ। यस सम्वन्धमा विभिन्न निकायहरुले विगत देखि नै जनचेतना अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको भएतापनि लक्षित वर्गमा अझैपनि कार्यक्रम पुग्न सकेको पाईदैन।

वैदेशिक रोजगारीमा जाने आकांक्षी युवाहरुलाई लक्षित गरी सवै स्थानीय तह तथा सरकारी एवं गैर सरकारी निकायहरुको साझा प्रयासमा वैदेशिक रोजगारीमा जाने वैधानिक प्रकृयातथा भिजिट भीसाबाट जाँदा हुने जोखिमका सम्वन्धमा सचेतना अभिवृद्धिका कार्यक्रमहरु सन्चालन गर्न आवश्यक रहेको छ। यसका लागि तत्कालै रेडियो टेलिभिजन तथा सामाजिक संजाल मार्फत सुचना सम्प्रेषण गर्न उपयुक्त हुने देखिन्छ।

**(ख)नियमनकारी कार्य**

हाल देखिएका समस्याहरु समाधान गर्न भिजिट भिसा सम्वन्धी स्पष्ट मापदण्ड तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गर्नु आवश्यक रहेको छ। यस कार्यमा संलग्न निकाय तथा पदाधिकारीहरुको स्पष्ट काम, कर्तव्य, जिम्मेवारी समेत यकिन हुनुपर्ने देखिन्छ। अध्यागमन अधिकृतको मनोगत निर्णयका आधारमा आवागमन/प्रस्थान अनुमतिको कार्य हुँदा समस्या समाधान हुन सकेको छैन। अर्कोतर्फ अध्यागमन अधिकृतसम्म आइपुग्दा धेरै प्रकृया र चरणहरु पूरा गरी यात्रुले ठूलो मूल्य चुकाइसकेको र मापदण्डले समेत स्पष्ट पार्न नसकेको अवस्थामा अध्यागमनबाट रोक्न सक्ने अवस्था समेत जटील रहन्छ ।

अन्तरराष्ट्रिय यात्राका लागि न्यूनतम शर्त, दोहोरो हवाई टिकट, होटल बुकिङ्ग र वैध भिषा भइरहेको अवस्थामा प्रस्थान अनुमति नदिदा यदाकदा विश्वव्यापिकरण र मानवाधिकारको मुद्दा समेत बनाइने गरेको पाइन्छ। यसर्थ भिजिट भिसालाई नियमन गर्न प्रारम्भिक चरण देखि नै सरकारको निकायहरु सकृय हुनुपर्ने देखिन्छ। कामको खोजिमा भिजिट भिसा लिइ विदेश जाने व्यक्तिको पहिचान, राहदानीनं सहितको विवरण,टिकट जारीर भ्रमण सहजिकरण गर्ने Travel and Tour संस्थाहरु सहित शंकास्पद व्यक्तिको हकमा अनिवार्य रुपमा बैदेशिक रोजगार प्रशासनलाई जानकारी गराउने र सो निकायबाट स्वीकृति भए मात्र टिकट जारी गर्ने अनुमति हुने अन्यथा टिकट जारी गर्नेस्पष्ट आधार सहितको मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने आवश्यक देखिएको छ।

**(ग) कुटनीतिक पहल**

खाडी मुलुकहरु विशेष गरी युएईमा भिजीट भिसामा गई ठूलो संख्यामा बारम्वार मानिसहरु अलपत्र पर्ने गरेको हुँदा मुख्य समस्याको रुपमा उक्त देशमा भिजिट भिसालाई कामदार भिसामा परिवर्तन गरिदिने व्यवस्था रहेको छ। यसका लागि द्विपक्षीय कुटनीतिक सम्वादका माध्यमबाट भिजिट भिसामा जानेहरुलाई कामदार भिसामा परिवर्तन हुने व्यवस्था नगरिदिन वा अन्य आवश्यक व्यवस्थाका लागि पहल हुनुपर्ने देखिन्छ। यसै गरेर भिजिट भिसासँग सम्वन्धित अन्य देशहरुमा रहेका समस्या समाधानका लागि पनि कुटनीतिक सम्वाद र वार्ता हुनुपर्ने आवश्यकता रहेको छ। नेपाली नियोगलाई कुटनीतिक पहलका लागि स्पष्ट निर्देशन दिने ।

**(घ) अभिलेखीकरण तथा उद्धार**

भिजिट भिसामा विदेश गएका कामदारहरुले व्यक्तिगत सम्पर्क तथा अन्य कारणले रोजगारी पाएको भएतापनि श्रम करार पत्र वीमा तथा अन्य सेवा सुविधा सम्वन्धीका शर्त तोकिएका वैधानिक कागजात नहुने भएकोले ठगीमा पर्ने गरेको पाईन्छ। गैर कानुनी प्रकृयाबाट गएर कामदार भिसा प्राप्त गरेका कामदारको संख्या समेत ठूलो रहेको हुँदा यसप्रकारका ब्यक्तिहरुको हकमा अनलाईन प्रणालीबाट (Web-Base Portal) दर्ता हुनसक्ने व्यवस्था गर्न उपयुक्त हुन्छ। यसबाट श्रम स्वीकृति नलिई गएका कामदारहरुको विवरण अध्यावधिक गर्ने कार्यबाट, उद्धार वा राहतउपलव्ध गराउन तथा श्रमिक कल्याण/सुरक्षाको प्रकृया बैधानिकरण गर्न समेत सहज हुनसक्छ। यस कार्यमा सम्वन्धित देशका नेपाली नियोग श्रम कन्सुलरले नेतृत्व लिनुपर्ने देखिन्छ। बढी समस्या रहेका

मुलुकमा तथा कार्यबोझका आधारमा अल्पकालको लागि परराष्ट्र मन्त्रालय श्रम तथा गृह मन्त्रालयबाट जनशक्ति वा कार्य टोली खटाई अभिलेखिकरण गर्ने कार्य गर्नुपर्ने देखिन्छ।

<u>उद्धार कार्य:</u> हाल उद्धार कार्यको लागि गुनासो अभिलेखित गर्ने वा जानकारी गराउने संयन्त्रहरु धेरै रहेका छन। श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रहेको कल सेन्टर, वैदेशिक रोजगार बोर्ड, व्यवसायी संस्थाहरु, अध्यागमन विभाग वा कार्यालय,बैदेशिक रोजगार विभागमा रहेको उद्धार तथा राहत शाखा, नियोगहरु, गृह मन्त्रालय र अन्तर्गतस्थानीय प्रशासन, स्थानीय तह अथवा कुनै पनि प्रहरी चौकीमा वैदेशिक रोजगारीकाक्रममा विदेश गएर अलपत्र परेको वा स्वदेश वा विदेशमा ठगीमा परेको सम्वन्धमा पिडित वा पिडितको सरोकारवालाले उजुरी वा गुनासो अभिलेखित गर्न सक्ने व्यवस्था रहेकोमा उद्धारको कार्य कसले र कसरी गर्ने भन्ने सम्वन्धमा द्धिविधा देखिएको तथा यदाकदा काममा दोहोरोपना समेत रहेको देखिएकोले यससम्वन्धमा देहाय अनुसार गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छः

१. भिजिट भिसामा रोजगारीका लागिविदेश गई वा नगई हुने ठगी नियन्त्रण सम्वन्धी कानुनी उपचारकार्यको लागि वैदेशिक रोजगार विभागले मुख्य जिम्मेवार निकायको रुपमा कार्य गर्ने।
२. भिजिट भिसामा रोजगारीका लागिविदेश गई अलपत्र परेका व्यक्तिको उद्धार-कार्य कुटनीतिक प्रकृतिको भएको हुँदा यससम्वन्धी कार्य गर्न श्रम रोजगार तथा सामाजिक मन्त्रालयमा गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, पर्यटन मन्त्रालय, वैदेशिक रोजगार वोर्ड,वैदेशिक रोजगार विभाग,अध्यागमन विभागका प्रतिनिधि, नेपाल प्रहरी, व्यवसायी महासंघका प्रतिनिधि,श्रमिक कल्याण सम्वन्धी संस्था भए सो को प्रतिनिधि समेत रहने गरीएक उच्चस्तरिय संयन्त्र गठन गरी श्रम रोजगार तथा सामाजिक मन्त्रालयबाट नै उक्त कार्यको समन्वय गर्न उपयुक्त हुने र उक्त संयन्त्रको सचिवालयको रुपमा कार्य गर्ने गरी न्यूनतम उपसचिवस्तरको कर्मचारी तथा अन्य आवश्यक कर्मचारीको व्यवस्था मन्त्रालयमा हुन उपयुक्त देखिन्छ।
३. श्रम स्वीकृति नलिई भिजिट भिसामा रोजगारीका लागि विदेश गई अलपत्र परेका व्यक्तिको उद्धार-कार्यका लागि एक उद्धार तथा राहत कोषको स्थापना गर्ने
४. विभिन्न माध्यमबाट उद्धार कार्यको लागि प्राप्त हुने उजुरी, गुनासो तथा सूचनालाई सचिवालयले समन्वय गरी कुनै सफटवेयर तथा वेवबेस पोर्टलमा एकिकृत हुने व्यवस्था गर्नेतथा उद्धार सम्वन्धी सम्पूर्ण कार्यको समन्वय गर्ने।

## ४.२ सुधारका क्षेत्र

### (क) कानुनी

- ब्यक्तिगत श्रम स्वीकृति सम्बन्धी निर्देशिकालाई यस प्रतिवेदनले दिएका सुझाव समेत समावेश गरी अध्यावधिक गर्ने ।
- यस प्रतिवेदनमा उल्लेख भएका मुद्दा तथा प्रस्तावित सुझाव सम्वोधन हुनेगरी अध्यागमन कार्यविधि, २०६५ शंशोधन गर्ने ।
- 

### (ख) प्रक्रियागत

- अध्यागमन कार्यविधि २०६५ को दफा ३.१ को (घ) र भिजिट भिसाका सम्बन्धमा भएका माननीय मन्त्रिस्तरीय निर्णय अनुसार पर्यटकीय वा अन्य भ्रमण प्रयोजनमा विदेश जाने नेपालीहरुको लागि तोकिएको कागजात उपलब्ध भए पश्चात पनि व्यवहारिक हिसाबले अमूक व्यक्ति भ्रमण गर्न सक्ने हैसियतको हो वा होइन भनी एकिन गरी प्रस्थान अनुमति दिनुपर्ने अवस्था मा सुधार गर्ने ।
- अनुगमन संयन्त्रको कमीः मानिसहरु भिजिट भिसाको आवरणमा श्रममूलक कार्यमा जाने गरेको यथार्थताको जानकारी लामो समयदेखि भैरहेको भए पनि यसलाई अनुगमन गर्ने अन्तर निकाय स्थायी संयन्त्रको अभाव ।
- यूएई, मलेशिया जस्ता श्रम गन्तव्य मूलुकहरुमा भिजिट भिसामा जाने नेपालीका लागि भिजिट भिसा प्राप्त गरेका व्यक्तिलाई श्रमिक भिसामा परिमार्जन गर्दा नेपाली नियोगसँग समेत समन्वय हुने व्यवस्थाका लागि कुटनीतिक पहल गर्ने ।
- विदेश स्थित नेपाली कुटनीतिक नियोगको कार्य चापको आधारमा भौतिक तथा मानवीय श्रोतको आवश्यक ब्यबस्थापनगर्ने ।
- भिजिट भिसामा बिदेश जाने Trend बढ्दो रुपमा पाइएकोले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत विभिन्न निकायहरु (TIA, अध्यागमन, वायुसेवा कम्पनी, विमानस्थल प्रहरी, अपराध महाशाखा, लागू औषध, पर्यटक प्रहरी, नेपाली सेना, NID, इत्यादी) बीच समन्वय गर्ने संयन्त्र बनाउने ।
- भ्रमणको लागि जोखिमयुक्त देशहरुको सूची समयानुकुल अध्यावधिक गर्ने,

- यात्रुहरुको चापलाई मध्यनजर गरि अध्यागमनको Departure तथा Arrival दुवै तर्फ उपलब्ध सवै Counterहरु सञ्चालन गर्ने तथा यात्रुको भीड हुँदा लाइन व्यवस्थापन गर्न र आवश्यक सूचना प्रवाह गर्न अध्यागमन कर्मचारी अनिवार्य रुपमा खटाउनु पर्ने।
- आगमन भएका यात्रुहरुले Online Visa Application Form भर्नकोलागी हाल उपलब्ध मेशिन भएको तथा उपलब्ध मेशिनहरु पनि दुरुस्त नभएकोले थप मेशिनको व्यवस्था तथा उपलब्ध मेशिनहरु पनि मर्मत गरी दुरुस्त राख्नुपर्ने ।
- बिमानस्थलस्थित सम्बद्ध सबै निकायहरुसंगको समन्वयमा ट्रान्जिट यात्रुलाइ आगमन अध्यागमन क्षेत्र प्रबेशको कार्य गर्नासाथ उपयुक्त सुरक्षा जाँच पश्चात सहजतापूर्बक हाल बिस्तारित स्टेराइल क्षेत्रमा गएर बस्ने प्रबन्धमिलाउने ।
- बिमानस्थलमा आउने ट्रान्जिट यात्रुलाइ सुरक्षा जांच पश्चात स्टेराइल क्षेत्रमा गएर बस्नकालागि संकेत चिन्ह राख्ने, सुरक्षा जांचको लागि आबस्यक भौतिक साधन र अन्य आबस्यक प्रबन्ध बिमानस्थल कार्यालयले बिमानस्थल सुरक्षा प्रहरी संगको समन्वयमा मिलाउने र आबस्यक जनशक्ति नेपाल प्रहरीले ब्यवस्था गर्ने ।
- नियमित Flight Schedule अनुसार कहिलेकाँही उडान तालिकामा परिवर्तन हुँदा सम्बन्धित निकायबाट सरोकारवालाहरुमा समयमै जानकारी गराउने व्यवस्था गर्ने ।
- हवाइजहाज क्यान्सिल वा "गेट नट सो"वा उडानको पुन-तालिकीकरण भएमा सम्बन्धित एअरलाईन्सले नै होटल वा अन्य व्यबस्थापन गर्ने जिम्मेवारी हुनेछ, अध्यागमनले एक पटक निर्णय गरी डिपार्चर दिईसकेकाले ईमिग्रेसनमा पुनःअभिलेख बाहेक कागजात नखोज्ने व्यबस्था गर्नु पर्ने ।

**(ग) संरचनागत**

- सम्बन्धित मन्त्रालयतथा अन्तर्गतका निकायबीच समन्वयका क्षेत्र तथा स्पस्ट कार्य जिम्मेवारी निर्धारण गर्नु पर्ने ।
- अध्यागमन ब्यबस्थापन कालागि विद्युतीय अध्यागमन प्रणालीको सुदृढीकरण र विकास गर्नु पर्ने।

**४.३ आगमन तथा प्रस्थान प्रक्रियामा गर्नुपर्ने सुधारः**

(क) प्रस्थान तर्फ गर्नुपर्ने सुधार

- खाडी मुलुक, मलेसिया, प्रतिबन्ध लगाइएका मुलुकहरु तथा अफ्रिकन देशहरुमा जाने यात्रुहरुलाईलक्षित गरी भिजिट भिसा कार्यविधि र मापदण्ड थप स्पष्ट बनाई कार्यान्वयन गर्ने
- विमानस्थलमा पुगेको यात्रुलाई सकेसम्म अफलोड वा यात्रा अनुमति अस्वीकृत नगर्ने तर्फ सचेत रही भ्रमणयोग्यता परीक्षण नतीजा र निर्धारित मापदण्डका आधारमा योग्य यात्रुको मात्र भिसा तथा हवाई टिकट जारी गर्न निर्देशन जारी गर्ने, प्रचारप्रसार गर्ने रसो सम्बन्धी कार्यका लागि सम्वद्ध सवै निकायहरुलाई जिम्मेवार बनाउन कानुनी व्यवस्था गर्ने,
- भिसा तथा हवाई टिकट प्रक्रिया प्रारम्भ गर्नु भन्दा अगाडि यात्रुलाई अध्यागमन मापदण्ड निर्णय र परिपत्रका सम्वन्धमा परामर्श र पर्याप्त जानकारी उपलब्ध गराउन विभाग तथा कार्यालयमा सूचना केन्द्र सञ्चालन गर्ने
- अध्यागमन कार्यालयको नेतृत्वमा सबैको प्रतिनिधित्व रहने गरी यात्रु सहायता कक्ष सञ्चालन गर्ने जसमा हटलाईन, टोल फ्री नम्बरको व्यवस्था र सुचना सामग्री उपलब्ध गराउने
- पर्याप्त जानकारीको अभावमा यात्रुहरुप्रस्थान कक्षमा अलमलिने भएकोले सम्पूर्ण अध्यागमनप्रक्रिया, संलग्न निकायहरुको जिम्मेवारी, पेश गर्नुपर्ने कागजातका विषयमा सचित्र बुझ्ने गरी सूचनावोर्ड एयरपोर्ट प्रवेशस्थलमा नै राख्ने
- प्रस्थान कक्ष तर्फयात्रुहरुको सहयोगको लागि "स्वयंसेवक"ब्यानर लगाएका पर्याप्त संख्यामा तालिम प्राप्त जनशक्तिको व्यवस्था गर्ने ।
- विमानस्थलका सवै निकायहरुले वृद्धवृद्धा, गर्भवती तथा दुधे बच्चा भएकी महिला, अशक्तहरु उडान समयकम भएका यात्रुको लागि प्राथमिकता प्राप्त सेवा (Priority service) प्रभावकारी बनाउने।
- नेपालबाट प्रस्थान गर्ने विदेशी नागरिकहरु भिसा शुल्क तथा ओभरस्टे जरिवाना तिर्न बाँकी राखी अध्यागमन पुग्ने गरेकोमा अध्यागमन कक्षमा सो तिर्न सक्ने अवस्थामा नहुँदा समस्या हुने गरेकोले हवाई टिकट जारी गर्नुभन्दा अगावै हवाई टिकट जारी गर्ने एजेन्सीले एकिन गरी टिकट जारी गर्न निर्देशन दिने।
- अध्यागमन डेस्क हमेशा पुरा क्षमतामा सन्चालन हुने सुनिश्चित गर्ने।
- विमान सेवा प्रदायक कम्पनीहरुले यदाकदा उडान यात्रुको विवरण अध्यागमनबाट प्रमाणिकरण नगरी उडान गर्ने, अध्यागमन प्रकृया पुरा गरेको यात्रुलाई समन्वय नगरी अफलोड गर्ने, "गेट नो सो" भएमा समेत यात्रुको जिम्मेवारी नलिने र उडान तालिका परिवर्तनको सूचना समयमा नै नगराउने जस्ता लापरवाही गर्ने गरेको पाईन्छ। यस्तो

अवस्थामा अध्यागमन कानुन पटक पटक उल्लंघन गरेमा अध्यागमन प्रशासनले तत्काल कारवाही गर्नसक्ने कानुनी व्यवस्था हुन आवश्यक देखिएको ।

- ❖ खाडी मुलुक र अन्य जोखिम भएका मुलुकहरुमा भिजिट भिसामा जाने यात्रुहरूको डिजिटल विवरण छुट्टै प्राप्त गर्नसकिने व्यवस्था गर्ने।
- ❖ अफलोड भएका यात्रुहरुको विवरण प्रष्ट कारण खुल्नेगरी अध्यागमन कार्यालयको वेवसाईटमा दैनिक प्रकाशन गर्ने व्यवस्था मिलाउने तथा सो सम्वन्धी गुनासो सुनुवाई गर्ने व्यवस्था प्रभावकारी बनाउने।

(ख) आगमन तर्फ गर्नुपर्ने सुधारः

- ❖ आगमन कक्ष तर्फ समेत पर्याप्त स्वयंसेवक खटाउने।
- ❖ आगमन फाराम भर्न आवश्यक सामग्रीको पर्याप्त व्यवस्था गर्ने ।
- ❖ आगमन तर्फ समेत विमानस्थलका सवै निकायहरुले वृद्धवृद्धा, गर्भवती तथा दुधे बच्चा भएकी महिला, अशक्तहरुका लागि प्राथमिकता प्राप्त सेवा (Priority service) प्रभावकारी बनाउने।
- ❖ अध्यागमन डेस्कहरु आंशिक खाली हुने गरेको पाईएकोले पुरा क्षमतामा सन्चालन गर्न विशेष ध्यान दिने।
- ❖ लगेज तथा ब्यागेज बेल्ट कम भएको र भएका पनि पूर्ण सन्चालनमा नआएको पाईएकोले सो सुधारको लागि थप ब्यागेज रनिङ बेल्ट बनाउने साथै ब्यागेज कलेक्सन एरियामा यात्रुहरुलाई पर्याप्त बस्ने ठाँउको व्यवस्था गर्ने ।यस क्षेत्रमा समेत स्वयंसेवकहरु खटाउने।
- ❖ यात्रुका सामान चोरी हुने, हराउनेघटना नदोरिने सुनिश्चित गर्न प्रभावकारी संयन्त्र र उपाय गर्ने
- ❖ आगमन तर्फ समेत गुनासो सुनुवाई तथा सूचना प्रवाह गर्ने प्रभावकारी संयन्त्र सन्चालन गर्ने।
- ❖ नेपालको अध्यागमन नीतिविपरीत यात्रु ल्याउने हवाई कम्पनीहरुलाई अध्यागमन प्रशासनले नै जरिवाना गर्न सक्ने कानुनी व्यवस्था गर्ने,
- ❖ विमानस्थलको सुरक्षा व्यवस्थालाई अझै मजवुद बनाउनका लागि त्रि.अ.वि.को प्रस्थान एरियामा High Vision Thermal Scanner र गाडी चेकिङ् एरियामा Vehicle ScannerMachine जडान गर्ने।
- ❖ ह्याण्ड ब्यागेज चेकिङ एरियामा Body Scanner राख्ने ।

## ४.४भिजिट भिसामा युएई/दुवई जाने नेपालीको हकमा गर्नुपर्ने थप व्यवस्था

खाडी मुलुकहरुमा युएई तुलनात्मकरुपमा उदार र खुला भएकोले कामको खोजिमा पुगेका यात्रुहरुलाई तत्काल छानवीन समेत नहुने र अन्य मुलुकहरुमा जान समेत यहि मुलुकको विमानस्थल वा स्थल मार्ग प्रयोग गर्न सजिलो भएकोले युएई वा सो मुलुक मार्फत खाडी तथा अन्य मुलुकमा गई ठूलो संख्यामा नेपालीहरु अलपत्र पर्ने गरेको पाईएकोले यस मुलुकमा भिजिट भिसा लिई जाने नेपालीहरुको लागि विशेष नीतिगत तथा कार्यविधिगत व्यवस्था गर्न उपयुक्त हुने कार्यदलको राय सुझाव रहेको छ। भिजिट भिसा लिई युएईमा कामको खोजीमा जाने नेपालीहरुलाई नियमन गर्नसकेमा खाडी क्षेत्रका अन्य मुलुक तथा अन्यत्र अलपत्र पर्ने नेपालीहरुको संख्या न्यूनीकरण गर्न सहज हुनेछ।युएई भिजिट भिसामा जाने नेपालीहरुको समस्या समाधानका लागि देहाय अनुसार गर्नुपर्ने देखिन्छ।

- ❖ भिजीट भिसालाई कामदार भिसामा परिवर्तन गर्दा नेपाली नियोगको समन्वयमा गर्न युएई सरकारसँग कुटनीतिक पहल गर्ने
- ❖ युएईसँग भएको श्रम सम्झौताको प्रभावकारी कार्यान्वयनका लागि नेपाली नियोगको भूमिका प्रभावकारी बनाउने
- ❖ भिजिट भिसामा गई रोजगारीमा संलग्न भएकाहरुको अभिलेखाङ्कन तथा लिगलाईजेसनलाई थप प्रभावकारी बनाउने
- ❖ युएई जाने नेपालीहरुको हकमा भिजिट भिसा मापदण्ड तथा कार्यविधिमा उल्लेख भएका व्यवस्थालाई थप कडाईका साथ कार्यान्वयन गर्ने
- ❖ भ्रमणका लागि युएई जाने शंकास्पद नेपालीहरुको विषयमा आवश्यक भएमा अध्यागमन विभागको पूर्व अनुमति लिने व्यवस्था गर्ने विभागले निजको वार्षिक आय, व्यवसाय तथा कारोवारसँग सम्वन्धित कागजात र आवश्यक भएमा नियोगहरुबाट verify समेत गरी मात्र प्रस्थान अनुमतिका लागि सिफारिस दिने।

## ४.५समस्या समाधानका लागि निकायगत भूमिकाः

(क) अध्यागमन विभाग

- ❖ अध्यागमन सुधार रणनीतिकार्यान्वय गर्ने ।
- ❖ भिजिट भिसामा यात्रा गर्ने नेपाली नागरिकहरुको लागि परिमार्जित मापदण्ड (स्वीकृत) गरी कार्यान्वयनमा ल्याउने

- भिजिट भिसाको लागि योग्यता मापन गर्न visitabilityself- assessment tools-मोवाईल एप तथा वेव पोर्टल बनाउने।
- पर्यटक भिसामा विदेश प्रस्थान गर्ने नेपाली नागरिकता कागजातहरु अपलोड गरी विभानस्थल जानु पूर्व मापदण्ड पुरा गरे नगरेको Systemबाट जानकारी दिने APPS को निर्माण गरी लागु गर्ने
- गुनासो व्यवस्थापनको संस्थागत व्यवस्था सुदृढीकरण गर्ने । (विमान सेवा सन्चालन अवधी भर दैनिकरुपमा अध्यागमन प्रशासनसम्वन्धी गुनासो सुनुवाई तथा व्यवस्थापनकोलागि अन्य निकाय समेतको प्रतिनिधित्व रहने गरी संयन्त्र विकास गर्ने र सो को प्रभावकरी कार्यान्वयन गर्ने ।)
- नेपाली नागरिकहरुको नेपाल आगमन र प्रस्थान कार्य व्यवस्थित गर्ने । खाडी मुलुकमा भ्रमणमा गएका नेपाली नागरिकहरुको फर्किएको विवरणको तुलनात्मक विश्लेषण गर्ने।
- सेवा प्रवाहलाई सरलीकरण गरी सुशासन कायम गर्ने।
- कर्मचारीहरुको व्यवसायिक दक्षता अभिवृद्धि गर्ने ।
- कर्मचारीकोकार्यविवरण सहित स्पष्ट जिम्मेवारी तोक्ने कर्मचारीलाई उपयुक्त प्रोत्साहनको व्यवस्था गर्ने।
- सरोकारवाला निकायहरु वीच समन्वय र सुचना आदान प्रदान संयन्त्र विकास गर्ने ।

(ख) <u>नागरिक उड्डयन कार्यालय त्रिभुवन विमानस्थल</u>

- अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम यात्रुमैत्री, पर्याप्त स्थान सहितकोट्रान्जिट (Transit) कक्ष विस्तार तथा व्यवस्थापन गर्नु पर्ने ।

(ग) <u>अर्थ मन्त्रालय</u>

- नागरिक उद्धार तथा कल्याणकारी कार्यको लागि गन्तव्य मुलुकबाट उद्धार गर्ने कार्यमा सहयोग गर्ने ।
- पर्यटक भिसामा जाने यात्रुहरुले डलर सटही गर्ने कार्य अध्यागमन विभागबाट संचालित नेपाली पोर्टमा आवद्ध हुने गरी सटही गर्ने कार्यका लागि नेपाल राष्ट्र वैकसँग आवश्यक सहयोग र समन्वय गर्ने ।

(घ) <u>बैदेशिक रोजगार विभाग र श्रम कार्यालयः</u>

- वैदेशिक रोजगार ऐन र नियमावली बमोजिम श्रम स्वीकृतिको प्रक्रिया लामो र झन्झटिलो भएकोले कारणले पनि व्यक्तिहरु गैरकानुनी च्यानल र भिजिट भीषामा वैदेशिक रोजगारीको लागि विदेश जाने गरेको देखिएकोले श्रम स्वीकृतिको प्रक्रियालाई सरल

सहज र झन्झटमुक्त बनाउने। श्रम स्वीकृतिको आवश्यक प्रकृया र चरणहरुलाई घटाउने।

- ❖ नेपाली कुटनीतिक नियोगवाट कामदारको माग प्रमाणिकरण गर्ने प्रावधानलाई प्रविधिमैत्री र व्यवस्थित बनाउन साधन स्रोतको थप व्यवस्थापन गर्ने ।
- ❖ रोजगारीको प्रलोभनमा भिजिट भीषामा नेपालीहरुलाई खाडीमुलुक गई गैर कानुनी कार्य गर्ने जो कोहीलाई प्रचलित कानुन बमोजिम कडा कारवाही गर्ने।
- ❖ वैदेशिक रोजगार सम्बन्धी सम्पूर्ण प्रक्रिया र चरणलाई पूर्णरुपमा अनलाईन र अटोमेशनमा लैजाने ।

(ङ) <u>ट्राभल्स एण्ड टुर्स अपरेटर</u>

- ❖ शंकास्पद यात्रुको टिकट काटनुपूर्व अध्यागमन प्रशासनले जारी गरेको निर्देशन वा नीतिगत निर्णयहरुको विषयमा नियमित रुपमा अवगत हुने र सो विषय यात्रु वा कामदारलाई समेत जानकारी गराउने ।
- ❖ गन्तव्य मुलुकको अध्यागमन नीति विपरित हुने गरी यात्रु टिकट जारी नगर्ने। ट्राभल एडभाईजरीहरुको विषयमा अध्यावधिक हुने।
- ❖ भिजिट भीसा लिई खाडी मुलुकमा कामको खोजी गर्ने उद्देश्यले जाने नेपालीहरुको हवाई टिकट जारी गर्नु पूर्व अध्यागमन विभागले जारी गरेको भ्रमण योग्यता परीक्षण मापदण्ड पुरा भए नभएको र आवश्यक कागजात भए नभएको यकिन गर्ने ।
- ❖ भिजीट भिसाको दुरुपयोग गरी कामदारहरुलाई विशेष गरी खाडी मुलुक पठाउने कार्यमा संलग्न नहुने र संलग्न समूह वा विचौलियाको विषयमा अध्यागमन प्रशासनलाई जानकारी गराउने ।
- ❖ अध्यागमन प्रशासनले जारी गरेका विशेष गरी खाडी मुलुकमा भ्रमणमा जाने सम्वन्धी निर्देशन मापदण्ड र कार्यविधि वा सूचनाको प्रचार प्रसार गर्ने ।
- ❖ हवाई टिकट जारी भएपछि भ्रमणकर्ताको योग्यता नपुगेको आधारमा अफलोड भएमा सो को व्यवसायिक तथा नैतिक जिम्मेवारी लिने ।
- ❖ हवाई टिकटका लागि आउने यात्रुहरुका सान्दर्भिक कागजातहरुको प्रारम्भिक जाँच वा आधिकारिकता एकिन गरी मात्र टिकट जारी गर्ने।

(च) <u>एयरलाईन्स कम्पनी</u>

- ❖ अध्यागमंन प्रशासनले जारी गरेको निर्देशन वा नीतिगत निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

- गन्तव्य मुलुकको अध्यागमन मापदण्ड तथा यात्रा परामर्श (Travel Advisory) का विषयमा अध्यावधिक हुने र यात्रु तथा अध्यागमन प्रशासनलाई जानकारी गराउने।
- अध्यागमन व्यवस्थापनका सन्दर्भमा अध्यागमन प्रशासनले दिएको निर्देशनपालना गर्ने गराउने
- एयारलाईन्सले जाँचबुझ गर्ने कागजात तथा सेवा दिने प्रकृयाका विषयमा यात्रुले स्पष्टरुपमा देख्ने र बुझिने गरी सेवा वडापत्र जारी गर्ने र सुसूचीत गर्ने
- अध्यागमन क्लियरेन्स भएपछि अफलोड गर्नुपर्दा अनिवार्यरुपमा अध्यागमन प्रशासनसँग समन्वय गर्ने र नियमानुसार सो यात्रु प्रतिको जिम्मेवारी पुरा गर्ने
- नेपाल अध्यागमनले प्रतिवन्ध लगाएका मुलुकहरुबाट यात्रु ल्याउने नियम विपरित ट्रान्सीट उपलव्ध गराउने कार्यमा स्वंयले जिम्मेवारी लिनुपर्ने विषयमा सचेत रहने
- उडान तालिका परिवर्तन भएकोमा सो विषयमा आफ्नो यात्रुलाई अविलम्व जानकारी गराउने र सो विषयमा जानकारी नपाई यात्रु अफलोड हुने भएमा सो को जिम्मेवारी सम्वन्धित एयरलाईन्ले लिनुपर्ने।
- अध्यागमनबाट प्रस्थान अनुमति पाएको यात्रुको गेट नो सो को कारण अफलोड भएमा सम्वन्धित एयरलाईन्सले टिकट क्यान्सिलेसन वापत रकम कट्टा गर्न नपाउने तथा त्यस पछाडीको व्यवस्थापन स्वंय एयरलाईन्सले गर्नु पर्ने।
- खाडी मुलुक तथा अन्य देशमा भिजिट भिसामा जाने यात्रुहरुको भ्रमण योग्यता परीक्षणको लागि निर्धारित मापदण्डका विषयमा अवगत हुने तर शंकास्पद यात्रुहरुको हकमा अध्यागमन प्रशासनलाई जानकारी गराई समन्वय र निर्देशनको आधारमा मात्र बोर्डिङ्ग जारी गर्ने। तर गन्तव्य मुलुकको यात्रा मापदण्ड लागू गराउने सम्वन्धमा अध्यागमन प्रशासनको निर्देशन आवश्यक पर्ने छैन।

(छ) <u>वैदेशिक रोजगार व्यवसायी संस्था</u>

- वैदेशिक रोजगार ऐन, २०६४ को व्यवस्था अनुसार वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त व्यवसायीहरुले प्राप्त अनुमतिका आधारमा मात्र कार्य सञ्चालन गर्ने
- स्वीकृत मागको कोटा नभएको अवस्थामा यदाकदा भिजिट भिसामा समेत पठाउने गरेको पाईएकोले यस्तो गैरकानुनी कार्य मा संलग्न नहुने र श्रमिकहरुलाई भिजिट भिसामा पठाउने विषयमा आफूलाई प्राप्त जानकारी वा सूचना वैदेशिक रोजगार विभागलाई दिई सहयोग गर्ने

- ❖ गन्तव्य मुलुकमा भिजिट भिसामा मानिसहरु लैजाने र काममा लगाउने कार्यमा सकृय समूह पहिचान र निरुत्साह गर्नेविभागमा सूचना दिई सहयोग गर्ने।
- ❖ आफ्नो संस्थासँग कुनै न कुनै रुपमा सम्वन्धित व्यक्ति, ईजाजत प्राप्त एजेन्ट, शाखा कार्यालय वा अन्य पदाधिकारीलाई यस कार्यमा संलग्न नहुने र नगराउने तथा संलग्न भएको पाईएमा कानुनी कारवाहीको लागि अधिकारप्राप्त अधिकारी वा निकाय समक्ष पेश गर्ने, सूचना दिने भूमिका समेत स्वीकृत वैदेशिक रोजगार सम्वन्धी कार्य गर्ने संस्थाहरुले पुरा गर्नुपर्ने देखिन्छ।

(ज) नेपाल प्रहरीः

- ❖ गैर कानुनीरुपमा भिजिट भिसामा विदेशमा कामदारपठाउन सकृय समूह बिचौलीया तथा संलग्न संस्थाहरुको विषयमा सूचना संकलन गरी अध्यागमन प्रशासनको सहयोग र समन्वयमा त्यस्तो स्थानको अनुगमन निरीक्षण गर्ने र कानुनी कारवाहीको लागि पेश गर्ने।
- ❖ गैर कानुनी रुपमा कामदारहरु विदेश पठाउन सकृय समूहको विमानस्थलमा रहेका निकायहरुका पदाधिकारी र कर्मचारीहरुको वीचको संयन्त्र सम्वन्धमा अनुसन्धान गरी प्रोफाईलिङ्ग गर्ने ।
- ❖ शंकास्पद व्यक्ति, स्थान तथा गतिविधिको नियमित निगरानी गर्ने र अध्यागमन प्रशासनको सहयोगमा आवश्यक कानुनी कारवाही प्रकृया अगाडी बढाउने ।
- ❖ गैर कानुनी रुपमा कामदारलाई भिजिट भिसामा पठाउने संदिग्ध व्यक्ति तथा बिचौलीयाहरुको कार्यालय तथा स्थान र अन्य विवरण अध्यावधिकरुपमा राखे ।
- ❖ गैर कानुनी रुपमा कामदारलाई भिजिट भिसामा पठाउने कार्य नियन्त्रण गर्न अध्यागमन प्रशासनलाई सहयोग गर्ने ।
- ❖ भिजिट भिसामा गैर कानुनी रुपमा कामदार पठाउने कार्यलाई नियन्त्रण गर्ने कार्यलाई प्रभावकारी बनाउन "द्रुत प्रहरी समूह"गठन गरी शिघ्र सेवा प्रवाह गर्ने।

(झ) राष्ट्रिय अनुसन्धान कार्यालयको भूमिकाः

भिजिट भिसामा सेटिङ मार्फत मिलेमतो गरी अनियमितता भइरहेको भन्ने समाचार बाहिर आइरहेकै छन् तर यसमा संलग्नहरु पत्ता लगाई विवरण बाहिर ल्याउन राष्ट्रिय अनुसन्धानले प्रभावकारी भूमिका निर्वाह गर्न सकेको पाईदैन। यस सम्वन्धी नेटवर्क वा संलग्न व्यक्ति संस्थाहरुको विषयमा सूचना संकलन विश्लेषण गर्ने र अध्यागमन प्रशासनलाई उपलव्ध

गराउने नीतिगत सुधारमा सूचनाको पृष्ठपोषण लाई प्रभावकारी बनाउने कार्य राष्ट्रिय अनुसन्धान विभाग अन्तर्गतका निकायले गर्नुपर्ने देखिन्छ।

(ञ) विदेश स्थित नेपाली नियोग

- ❖ विशेष गरेर खाडी मुलुकमा भिजिट भिसामा जाने व्यक्तिहरुको सुरक्षा चासोका विषयमा कुटनीतिक सम्वाद र सकृयता बढाउने,
- ❖ भिजिट भिसालाई कामदार भिसामा परिवर्तन गर्ने गन्तव्य मुलुकको अध्यागमन नीतिबाट परेको नकरात्मक प्रभाव र सो को संशोधनको विषयमा कुटनीतिक पहल गर्ने,
- ❖ माग प्रमाणिकरण लाई न्यूनतम अवधीमा फर-छौट गर्ने प्रणालीको विकास गर्ने,
- ❖ गन्तव्य मुलुकमा रहेका नेपालीहरुको गुनासो सुनुवाई तथा उद्धार र राहत कार्यलाई प्रभावकारी बनाउन नेपाली डायस्पोरा, नेपालस्थित सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय गर्ने तथा अनलाईन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्ने,
- ❖ गन्तव्य मुलुकमा भिजिट भिसामा जानुपूर्व नियोगबाट स्वीकृति माग भएको वा कागजात प्रमाणिकरणको लागि पेश भएकोमा भ्रमणयोग्यता सम्वन्धी आधार र मापदण्डको आधारमा मात्र स्वीकृति दिने,
- ❖ गन्तव्य मुलुकमा बसेर गैर कानुनी रुपमा नेपालीहरु लैजाने र अलपत्र पार्न सकृय समूह विचौलीयाहरुको पहिचान गर्न कुटनीतिक तथा डायस्पोरा परिचालन गरी कानुनी कारवाहीमा ल्याउन सहयोग गर्ने,
- ❖ गन्तव्य मुलुकका अध्यागमन प्रशासनको सहयोगमा नेपालीहरुलाई भ्रमण सहजीकरण गर्ने तथा आवश्यक सूचना/जानकारी प्रवाहमा सकृयता देखाउने,
- ❖ अवैधानिक रुपमा गन्तव्य मुलुकमा पुगी रोजगारीमा संलग्न भएकाहरुलाई अभिलेखाङ्कन तथा लिगलाईजेशनको लागि अनलाईन प्रणालीको विकास गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

## ४.६ समस्या समाधानकालागि सुझाव तथा शिफारिस

(क) भिजिट भिसा सम्बन्धी मौजुदा मापदण्ड तथा कार्यविधिलाई परिमार्जन गरी लागू गर्ने,

(ख) श्रम स्वीकृति प्रक्रियामा रहेका जटिलता सुधार गरी अधिकतम सरलीकृत र पारदर्शी र छिटो बनाउने,

(ग) कामको खोजीमा भिजिट भिसामा विदेश जाने लक्षित वर्गलाई सुसूचित र चेतना अभिवृद्धि सम्वन्धी कार्यक्रमहरु श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्वमा तहगत सरकार र गैर-सरकारी संस्थाको सहकार्यमा सञ्चालन गर्ने,

(घ) भिजिट भिसामा पठाउँदा सहजीकरण गर्ने व्यक्ति/ संस्थालाई कानुनी दायरामा ल्याई जिम्मेवार बनाउने,

(ङ) भिजिट भिसामा पठाउन सक्रिय व्यक्ति/संस्थाहरूको सूचना संकलन गरी तिनका गतिविधिमा नियमित निगरानी राख्ने,

(च) वैदेशिक रोजगारीका लागि ईजाजत लिएका वैदेशिक रोजगार व्यवसायी संस्थाहरुले वैदेशिक रोजगारको प्रलोभन देखाई श्रम अनुमति नलिई भिजिट भिसामा वा अन्य तरिकाले व्यक्तिहरुलाई विदेश पठाएको पाईएमा त्यस्ता संस्था र सञ्चालकलाई वैदेशिक रोजगार ऐन २०६४, को दफा ४४ बमोजिमको कारवाही गरी रोजगारीका लागि भिजिट भीषामा विदेश पठाउने कार्यलाई निरुत्साहित गर्ने ।

(छ) भिजिट भिसा लिई वैदेशिक रोजगारीको खोजीमा जानसक्ने शंकास्पद व्यक्तिले पेश गर्ने कागजजातको आधिकारिकता सुनिश्चित गर्न स्वीकृत तथा प्रमाणीकरण गर्ने संस्था. निकाय र पदाधिकारीको विवरण यथासक्य वेबसाइटबाट verification हुने व्यवस्था मिलाउने,

(ज) भिजिट भिसामा खाडी मुलुक, मलेसिया तथा जोखिम भएका मुलुकहरुमा जाने यात्रुहरुलाई निजहरुको विवरण सम्बन्धित कुटनीतिक नियोग तथा अध्यागमन विभागमा तोकिए बमोजिम (सफ्टवेयर प्रणाली/अनलाईन) अनिवार्य रुपमा दर्ता गर्ने व्यवस्था मिलाउने।

(झ) खाडी मुलुक, मलेसिया तथा जोखिम भएका मुलुकहरुमा पर्यटक भिसामा विदेश प्रस्थान गर्ने नेपाली नागरिकहरुका मापदण्ड बमोजिमका आवश्यक कागजातहरु अपलोड गरी विमानस्थल जानुपूर्व प्रस्थान अनुमति पाउने वा नपाउने जानकारी प्रणालीबाटै पाउने सफ्टवेयर/एप्स निर्माण गरी अध्यागमन विभागले कार्यान्वयनमा ल्याउने।

(ञ) पर्यटक भिसामा जाने यात्रुले बैंकबाट विदेशी मुद्रा सटही गरेको विवरण अध्यागमन विभागबाट सन्चालनमा रहेको नेपाली पोर्टसँग आवद्ध गर्ने।

(ट) विदेशमा आफन्तको आमन्त्रण एवं भिसा प्रायोजनमा भेटन जाने विषयलाई श्रीमान श्रीमती वावु आमा दाजुभाइ दिदी बहिनी सासु ससुरा छोरा छोरीमा सिमित गर्ने, नागरिकताबाट नाता खुल्नेको हकमा नाता प्रमाणित आवश्यक नपर्ने

(ठ) बुँदा (ट) मा नपर्ने को हकमा नाता प्रमाणित आवश्यक पर्ने अवस्थामा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित भएको र सो को प्रति सम्वन्धित स्थानीय तहले अध्यागमन कार्यालयबाट हेर्नसक्ने गरी सूचना प्रणालीमा अपलोड भएको हुनुपर्ने व्यवस्था मिलाउने।

(ड) आफन्त भेटघाटका लागि विदेश भ्रमणमा जाने बाहेक अन्यका लागि कम्तिमा १० लाख बरावरको करयोग्य आय भएको र सो को ५० प्रतिशत रकम बैंकमा आफ्नै नाममा मौज्दात भएको हुनुपर्ने व्यवस्था लागू गर्ने। सो कार्यका लागि नेपाल राष्ट्र बैंकसँग समन्वय गरी अध्यागमन विभागले व्यवस्था गर्ने।

(ढ) यु.ए.इ तथा अन्य मुलुकमा श्रम स्विकृती नलिई गएका व्यक्तिहरूको. विवरण अद्यावधिक गर्न कुटनीतिक पहल गरी संयुक्त टोलीहरू खटाउने र अभिलेखीकरण गर्ने

(ण) भिजिट भिसा सम्वन्धी गुनासो तथा उजुरी सुनुवाई गर्ने संयन्त्र गठन गर्ने,

(त) अध्यागमन अधिकृतहरुलाई डेस्कमा खटाउदा अनिवार्य रुपमा तोकिए बमोजिम अनुशिक्षण गरी मात्र खटाउने र अनुशिक्षण कार्यक्रममा भिजिट भिसामा प्रस्थान अनुमति सम्वन्धी कार्यविधि/मापदण्डका विषयलाई विशेष प्राथमिकता दिई पूर्व-अभ्यास समेत गराउने।

(थ) शंकास्पद कामदारलाई भिजिट भिसामा प्रस्थान अनुमति दिनु पर्ने वा अफलोड गर्नुपर्ने अवस्थामा सम्बन्धित अध्यागमनको डेस्कअधिकृत, सिफ्ट संयोजक अधिकृत (Duty officer-"DO")तथा बरिष्ठ अध्यागमन अधिकृतको निर्णयबाट मात्र गर्ने व्यवस्था मिलाउने, अन्यथाप्रस्थान अनुमति दिने अधिकृतजिम्मेवार हुने कानुनी व्यवस्था गर्ने।

(द) भिजिट भिसासम्वन्धी मापदण्ड तथा कार्यविधिलाई ब्रोसरतथा लिफलेट (Info-graph) तयार गरी airlines, recruitment agencies, Travel and Tour agencies समेतलाई उपलव्ध गराउने र प्रचारप्रसार गर्ने

(ध) श्रम स्वीकृति अनलाईनबाट भेरिफिकेशन हुने सुनिश्चित गरी श्रम डेस्कलाई श्रमिक सहायता र सूचना कक्षको रुपमा सन्चालन गर्ने।

(न) अध्यागमन कर्मचारीहरूको कार्यसम्पादनको नियमित अनुगमन गर्ने र कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने ।

(सुझाव कार्यान्वयन ढाँचा अनुसूची-१ मा संलग्न छ।)

**निष्कर्षः**

वैदेशिक रोजगारी नेपाली श्रमव्यवस्थापनको महत्वपूर्ण हिस्साको रुपमा रहदै आएको छ। वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण तथा ज्ञान, सीप, प्रविधि र अनुभवबाट नेपालको आर्थिक एवं सामाजिक क्षेत्रको विकासमा पुगेको योगदान महत्वपूर्ण रहेको छ।

वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउनु राज्यको प्रमुख दायित्व हो। श्रम स्वीकृति प्रकृयामा रहेका झन्झटिलो व्यवस्था, अल्प सुचना र शिघ्र रोजगारी पाउने लालसा एवं विचैलियाले देखाउने सपनाको शिकार बन्दै हजारौ युवा ठूलो रकम खर्च गरी भिजिट भिसामा श्रम लेखाङ्कन नभई खाडी मुलुक लगायतका राष्ट्रमा जाने गरेको कारण अप्ठ्यारो परेको अवस्थामा समेत राज्यले प्रभावकारी रुपमा भूमिका निर्वाह गर्न जटिलता देखिएका छन।

एकातिर आन्तरिक रुपमा रोजगारीका अवसरहरु न्यून भई बेरोजगार रहनु पर्ने अवस्था छ भने अर्को तर्फ विश्वव्यापीकरण र सूचना प्रविधिको विकासले विश्वबजारमा उपलब्ध अवसरबाट समेत नागरिकहरुलाई बञ्चित गर्नु उपयुक्त देखिदैन। रोजगारीको हकलाई मौलिक हकको रुपमा गरिएको संवैधानिक व्यवस्था तथा मानव अधिकारका सवालहरुको सन्दर्भबाट समेत रोजगारीको खोजीमा विदेशिने व्यक्तिहरुको दवाव अध्यागमन प्रशासनमा परेको पाईन्छ।

अर्को तर्फ भिजिट भिसामा बिदेशमा गई सवै नागरिकहरु अलपत्र परेका नभई अदक्ष वा अर्धदक्ष प्रकृतिका, कुनै विशेष सीप ज्ञान र अनुभव नै नभएका व्यक्तिहरु नै बढिजसो ठगिने तथा अलपत्र पर्ने गरेका पाईन्छन।

वैदेशिक रोजगारीका क्रममा वा अन्य कारणले पटक पटक विदेश गएको व्यक्ति, उच्च शिक्षा हासिल गरेका, व्यवसायमा संलग्न व्यक्तिहरु, राष्ट्रिय स्तरका कलाकार, खेलाडी पेशावीद तथा आफन्त बाहिर रहेका वा विशुद्ध पर्यटकीय प्रयोजनमा भिजिट भिसामा जानेहरुलाई अध्यागमन प्रशासनले कडाई गर्नु उपयुक्त हुने देखिदैन। तर बैदेशिक रोजगारको खोजीमा बिचौलियाको प्रलोभनमा परी अवैधानिक तरिकाबाट बाहिर जाने वा पठाउने कार्य एकप्रकारले मानव बेचविखन नै

भएको हुँदा यस कार्यलाई अविलम्व नियन्त्रण गर्नु आवश्यक देखिएको छ। यस कार्यमा कुनै एक निकायको वा पदाधिकारीको प्रयासले मात्र सम्भव नहुने भएकोले प्रतिवेदनमा औंल्याईएका सुधार कार्यहरुको समन्वयात्मक कार्यान्वयन जरुरी देखिएको छ।

भिजिट भिसा सम्वन्धी मापदण्डमा सुधार गरी स्पष्ट, वैज्ञानिक र पारदर्शी बनाउने साथै श्रम प्रकृयालाई छिटो छरितो र सहज बनाउन सकेमा कामको खोजीमा भिजिट भिसामा जानेको संख्या न्युन हुन सक्दछ। नेपालको विमानस्थलमा कडाई गर्दा खुला सीमानाको लाभ लिई विदेशी विमानस्थलको प्रयोग गरी गैर कानुनी तवरबाट विदेश पठाउने र जाने कार्य बढन सक्ने त्यतिकै जोखिम रहेको हुँदा यसका लागि कुटनीतिक पहल गर्न आवश्यक रहेको छ।

गैर कानुनी रुपमा वैदेशिक रोजगारीको लागि नेपालीहरुलाई भिजिट भिसामा पठाउने कार्यमा संलग्नहरुको पहिचान, अनुगमन तथा कानुनी कारवाही र यस सम्वन्धी सचेतना अभिवृद्धिबाट नै यो समस्याको समाधान हुने देखिन्छ।

## अनुसूचीहरु

### अनुसूची-१

### सुझाब कार्यान्वयन-ढाँचा

| सुधारका क्षेत्र | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सिमा | उपलब्धी सूचक | प्राथमिकता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| नीतिगत तथा कानुनी सुधार | १. अध्यागमन कार्यविधि २०६५ मा संशोधन गरी भिजिट भिसा सम्बन्धी मौजुदा मापदण्डपरिमार्जन, सुधार र कार्यान्वयन | गृह मन्त्रालय | अध्यागमन विभाग | ३ महिना | कार्यविधि संशोधन भई लागू भएको | तत्काल | |
| | २. व्यक्तिगतश्रम स्वीकृति सम्बन्धीनिर्देशिकामा संशोधन र सुधार | श्रम रो. तथा सामाजिक सु.मन्त्रालय | वैदेशिक रोजगार विभाग | ३ महिना | कार्यविधि संशोधन भई लागू भएको | तत्काल | |
| | ३. श्रम अनुमती/स्वीकृति प्रक्रिया सरलीकरण | ,, | वैदेशिक रोजगार विभाग र कुटनीतिक नियोग | ६ महिना | श्रम अनुमती/स्वीकृति प्रक्रिया सरल, सहज र पारदर्शि भएको हुनेछ । | मध्यम | |
| | ४. भिजिट भिसामा खाडी मुलुक तथा मलेसिया जाने नेपालीको हकमा अध्यागमन विभागबाट जारी मापदण्डको आधारमा भ्रमण योग्यता परिक्षणको सफ्टवेयर/एप्स निर्माण गरी कार्यान्वयन गर्ने। | गृह मन्त्रालय | अध्यागमन विभाग | ३ महिना | निर्देशन जारी गरेको सूचना | तत्काल | |
| | ५. हाल सबै प्रकारका श्रम स्वीकृति अनलाईन जारी हुने र वैदेशिक रोजगार विभागको FEMISH प्रणाली अध्यागमन विभाग/कार्यालयको नेपाली पोर्ट प्रणालीसँग आवद्ध भईसकेको हुँदा त्रि.अ.वि. मा श्रम डेस्क खारेज गर्ने। | श्रम रो. तथा सामाजिक सु.मन्त्रालय | वैदेशिक रोजगार विभाग/अध्यागमन विभाग/कार्यालय | ६ महिना | श्रम डेस्क खारेज हुने | मध्यम | |
| | ६. खाडी तथा मलेसिया भिजिट भिसामा जाने को | गृह मन्त्रालय | अध्यागमन विभाग | ६ महिना | उक्त व्यवस्था हवाई | मध्यम | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | हकमा भिसा अवधीकोदुर्घटना तथा उद्धार विमा गर्नु पर्ने व्यवस्था मिलाउने। | | | | टिकट लिनूपूर्व बीमा गरेको हुने | | |
| | ७. गृह मन्त्रालयको नेतृत्वमा न्यूनतम सहसचिव रहने गरी श्रम,रोजगार तथा सामाजिक मन्त्रालय,परराष्ट्र मन्त्रालय र पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालय र अन्तरगत विभागीय प्रमुखको संलग्नतामा उच्चस्तरिय अनुगमन तथा मूल्यांकन समिति गठन गरी नियमित अनुगमन गर्ने। | गृह मन्त्रालय | सम्वद्ध मन्त्रालय | ६ महिना | अध्यागमन प्रशासन प्रभावकारी हुने | मध्यम | |
| | ८. गन्तव्य मुलुकको अध्यागमन नीति तथा मापदण्ड विपरित यात्रु बोक्ने एयरलाईन्सलाई कारवाही गर्ने अधिकार अध्यागमन प्रशासनमा हुने गरी कानुनमा व्यवस्था गर्ने। | गृह मन्त्रालय | सम्वद्ध मन्त्रालय | ६ महिना | अध्यागमन प्रशासन प्रभावकारी हुने | मध्यम | |
| | ९. अध्यागमन कार्यालयमा कार्यरत अधिकृतस्तर सम्मका कर्मचारीको सरुवा गर्ने अधिकार अध्यागमन विभागलाई दिने। | गृह मन्त्रालय | - | ३ महिना | अध्यागमन प्रशासन प्रभावकारी हुने | तत्काल | |
| प्रक्रियागत सुधार | १०.सरकारी, संस्थागत तथा व्यवसायिक प्रयोजनमा बाहेक भारतका विमानस्थल प्रयोग गरी भिजिट भिसामा खाडी क्षेत्र, मलेसीया तथा अफ्रिकन मुलुक जाने नेपालीलाई "नो अब्जेक्सन लेटर" अनिवार्य गर्नको लागि कुटनीतिक समन्वय गर्ने। | परराष्ट्र मन्त्रालय | गृह मन्त्रालय | १ महिना | उक्त व्यवस्था लागू भएको हुने। | तत्काल | |
| | ११.खाडी मुलुक तथा मलेशियामाभिजीट भिसामा गई रोजगारीमा संलग्न भएका नेपालीहरुले नियोगले तोके बमोजिमको विवरण अनलाईन प्रणाली (Mobile APP, Software) बाट वा नियोगमा नै उपस्थित भई अनिवार्य अद्यावधिक गर्ने व्यवस्था मिलाउने। | परराष्ट्र मन्त्रालय | नियोगहरु | ६ महिना | लेखाङ्कन नभएका व्यक्तिहरुको विवरण अद्यावधिक भएको हुने। | मध्यम | |
| | १२.भिजिट भिसामा कामदार पठाउने कार्य नियन्त्रण गर्न गुनासो तथा उजुरी गर्ने संयन्त्र (task force),"द्रुत प्रहरी" कार्यसमूह गठन गरी परिचालन गर्ने। | गृह मन्त्रालय | अन्य सम्वद्ध निकाय | ६ महिना | संयन्त्र व्यवस्था भएको हुने | मध्यम | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १३.अध्यागमन कार्यालयको नेतृत्वमा विमानस्थलमा कार्यरत बढी जनसरोकार भएका निकायका प्रतिनिधि रहने गरी उडान सन्चालन अवधी सम्म सन्चालन हुने गरी कल सेन्टरको स्थापना तथा सन्चालन गर्ने। | गृह मन्त्रालय | अन्य सम्वद्ध निकाय | ३ महिना | विमानस्थलमा कल सेन्टर स्थापना भएको हुने। | तत्काल | |
| ग) श्रम कुटनीति परिचालन | १४. खाडी मुलुकमा विशेष गरी युएईमा भिजिट भिसालाई कामदार भिसामा परिवर्तन गर्दा नेपाली नियोगसँग समन्वय गर्ने व्यवस्था मिलाउन कुटनीतिक पहल गर्ने। | श्रम रो. तथा सामाजिक सु.मन्त्रालय | परराष्ट्र मन्त्रालय नियोग तथा श्रम सहचारी | नियमित | श्रम सम्झौता अनुसार भएको हुने। | तत्काल | |
| | १५.श्रम सम्झौताको प्रभावकारी कार्यान्वयन गर्न गराउन आवधिक समीक्षा तथा पुनरावलोकन गर्ने। | | ,, ,, | ,, ,, | ,, ,, | ,, | |
| घ) सचेतना अभिवृद्धि | १६. सुरक्षित वैदेशिक रोजगारीको प्रकृया तथा भिजिट भीसामा जाँदा हुने जोखिमका सम्वन्धमा सचेतना अभिवृद्धिका कार्यक्रमहरु सन्चालन गर्ने।<br>१७. विमानस्थलमा कार्यरत निकायहरुको भूमिका तथा जिम्मेवारी स्पष्ट हुने सूचना सामग्री, ईन्फोग्राफिक्स तयार गरी प्रचार प्रसार गर्ने। | तीनै तहका सरकार | गैर सरकारी तथा निजी क्षेत्र | नियमित | सचेतना अभिवृद्धि भई ठगीका घटनामा न्यूनीकरण हुने। | मध्यम | |
| ङ)अन्य सुधार | १८. यात्रुहरु विमानस्थल पुगेपछि अफलोड गर्नु नपर्ने अवस्था सुनिश्चित गर्ने ।<br>१९. विमानस्थलमा अध्यागमन प्रकृया प्रारम्भ हुनु अगावै रहने गरी अध्यागमन, एयरलाईन्स तथा सुरक्षाकर्मी सहितको यात्रु सहायता कक्ष सन्चालन गर्ने।<br>२०.अध्यागमन मापदण्डमा परिवार तथा नाता सम्वन्ध विषयमा स्पष्ट परिभाषित गर्ने।<br>२१.ट्रान्जिट कक्षको व्यवस्थापन गर्ने | अध्यागमन प्रशासन | एयरलाईन्स तथा अन्य सम्वद्ध निकायहरु | नियमित | भिजिट भिसाको माध्यम बनाई बैदेशिक रोजगारमा जानेको संख्या न्यून हुने।<br>अध्यागमनबाट योग्यता नपुगेर अफलोड हुने संख्या कम हुने। | मध्यम | |

अनुसूचि-२

## यात्रु स्वयंले भ्रमण योग्यता परीक्षण गर्नसक्ने मोवाईल एप/web base application/software निर्माण गर्दा लिनुपर्ने सूचक र वर्गिकरण

| क्र.सं. | Category A | Category B | Category C | Category D |
|---|---|---|---|---|
| १. | भ्रमणको उद्देश्य कार्यक्रम र गन्तव्यको विषयमा स्पष्ट जानकारी भएको। | भ्रमणको उद्देश्य कार्यक्रम र गन्तव्यको विषयमा स्पष्ट भएको। | गन्तव्य मुलुकको भ्रमण योजना र उद्देश्य स्पष्ट भन्न नसक्ने । | गन्तव्य मुलुकको भ्रमण कार्यक्रमको बिषयमा स्पष्ट जानकारी नभएको |
| २. | दुई तर्फी टिकट बुकिङ्ग सुनिश्चित भएको, गन्तव्य मुलुकमा आवासीय प्रवन्ध तथा अन्य प्रवन्ध विदेशी मुद्रा भिसाकार्ड सीमकार्डको सुविधा सुनिश्चित देखिएको। | दुई तर्फी टिकट बुकिङ्ग भएको, आवासीय प्रवन्ध तथा विदेशी मुद्रा /टेलिफोन सीमको सुविधा सुनिश्चित नदेखिएको। | दुई तर्फी टिकट बुकिङ्ग सुनिश्चित नभएको, गन्तव्य मुलुकमा आवासीय प्रवन्ध तथा अन्य प्रवन्ध सुनिश्चित नदेखिएको। | दुई तर्फी टिकट बुकिङ्ग नभएको, गन्तव्य मुलुकमा आवासीय प्रवन्ध तथा अन्य प्रवन्ध सुनिश्चित नदेखिएको। |
| ३. | खाडी राष्ट्रमा कम्तिमा ४ पटक यात्रा गरेका वा खाडी राष्ट्र बाहेक कम्तिमा दुईवटा देशमा यात्रा गरेको । | २ वा सो भन्दा बढी पटक विदेश यात्राको अनुभव भएको। तर कामदार भीसामा यात्रा अभिलेख देखिएको। | विदेश यात्राको अनुभव भएको अभिलेखबाट नदेखिएको वा कामदारको रुपमा खाडी मुलुकमा गएको देखिएको। | विदेश यात्राको अनुभव भएको अभिलेखबाट नदेखिएको। |
| ४. | अंग्रेजी वा अरेवीक भाषिक दक्षता राम्रो भएको । | अंग्रेजी वा अरेविक भाषाको सामान्य ज्ञान मात्र भएको । | अंग्रेजी वा अरेविक भाषाको सामान्य ज्ञान नभएको। । | अङ्ग्रेजी भाषाको सामान्य ज्ञान नभएको। |
| ५. | शैक्षिक योग्यता स्नातक वा सो भन्दा माथि अथवा व्यवसायिक क्षेत्रमा १० वर्ष भन्दा बढी सकृय | शैक्षिक योग्यता स्नातक सरह अथवा व्यवसायिक क्षेत्रमा ५ वर्ष भन्दा कम अवधी कार्य अनुभव | शैक्षिक योग्यता + २ भन्दा कम रहेको अथवा व्यवसायिक क्षेत्रमा २ वर्ष भन्दा कम अनुभव | शैक्षिक योग्यता सामान्य लेखपढ रहेको अथवा व्यवसायिक क्षेत्रमा अनुभव नरहेको |
| ६. | श्रीमान् वा श्रीमती,वाबु आमा, छोरा छोरी सासु ससुरा, प्रायोजन गरेको वा बिरामी वा बिशेष परिस्थिति परी जान आमन्त्रण भएको व्यक्ति । | नातेदार बाहेकको व्यक्तिले प्रायोजन गरेको। स्वदेशी वा विदेशी सम्पर्क व्यक्तिको पूर्ण विवरण भएको । | भ्रमणको कार्यक्रममा सम्पर्क व्यक्ति/ प्रायोजक स्पष्ट नभएको। सरोकार नभएको विदेशी व्यक्ति वा कम्पनीको प्रतिनिधीले Receive गर्ने खुलेको। | भ्रमणको कार्यक्रममा सम्पर्क व्यक्ति/ प्रायोजक तथा Receive गर्ने व्यक्तिको विवरण नभएको । |
| ७. | व्यापार, व्यवसाय प्रवर्धन सरकारी आमन्त्रण वा अन्य निजी संस्थाको आमन्त्रणमा गोष्ठी तालिम शैक्षिक अवलोकनमा जाने | व्यवसायिक प्रयोजन बाहेक निजी भ्रमणमा आफ्नै खर्चमा जाने प्रायोजक भएको तर कागजात वा वेवसाईट | व्यवसायिक प्रयोजन बाहेक निजी भ्रमणमा आफ्नै खर्चमा जाने प्रायोजक स्पष्ट नभएको र वेवसाईट वा अन्य | भ्रमणको उद्देश्य स्पष्ट गर्न नसक्ने कार्यक्रम तथा स्थलहरु सम्पर्क व्यक्ति आदिको सूचना तथा जानकारी प्रष्ट |

| | | | | |
|---|---|---|---|---|
| | आधिकारिक पत्र भएको खर्च आयोजकले नै व्यहोर्ने वेवसाईटमा कार्यक्रम समेत देखिने । | वा अन्य माध्यमबाट एकिन गर्न नसकिने। | माध्यमबाट एकिन गर्न नसकिने। | नभएको। |
| ८. | लैङ्गिक रुपमा जोखिममा नरहेका व्यक्ति । | लैङ्गिक रुपमा जोखिममा रहेका व्यक्ति । | लैङ्गिक रुपमा जोखिममा रहेका साक्षर व्यक्ति । | लैङ्गिक रुपमा जोखिममा रहेका निरक्षर व्यक्ति । |
| ९. | अध्ययन, अनुसन्धानमा संलग्न व्यक्ति र आधिकारिकता खुलेको कागजात । आर्थिक उपार्जनको भरपर्दो श्रोत भएको। | प्राविधिक सीप तथा दक्षता वा व्यवसाय भएका नखुलेका तर नियमित आय आर्जनमा संलग्न भएको व्यक्ति | नेपालमा कुनै पेशा व्यवसाय वा नियमित आय आर्जनमा संलग्न नभएको व्यक्ति । | नेपालमा कुनै पेशा व्यवसायमा संलग्न नभएको । आर्थिक उपार्जनको भरपर्दो श्रोत नभएको । |
| १०. | सरकारी वा अन्तराष्ट्रिय गै स स कार्यक्रममा जाने | कुनै संस्थाको आमन्त्रण तथा नेपालमा रहेको निज संलग्न संस्थाको जिम्मेवारीमा रहेको भ्रमणमा जाने, | श्रम गर्ने उद्देश्यले भिजिट भीसामा जान लागेको शंकास्पद व्यक्ति। | श्रम प्रयोजनको शंकास्पद व्यक्ति |
| ११. | दूताबासको प्रमाणित पत्र को आधारमा | व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यले जाने व्यक्तिगन्तव्य मुलुकमा व्यवसायिक साझेदार भएको (स्थानीय तहको सिफारिस) | Sponsorship गर्ने व्यक्ति नभएको । | Sponsorship गर्ने व्यक्ति नभएको । |
| Status | Green | Yellow | Brown | Red |

(क) उपरोक्त वर्गीकरण अनुसार Category "A" लाई अध्यागमन प्रकृयामा Green वर्गमा राखी व्यवहार गर्ने/कागजातहरु पुरा भएको आधारमा प्रस्थान अनुमती दिन सकिने।

(ख) Category "B" लाई कागजात र भ्रमणको सम्पूर्ण विवरण verifies गरी काम गर्न नजाने ठोस आधार देखिएमा मात्र अध्यागमन कार्यालय त्रि. अ. वि. बाट प्रस्थान अनुमती दिन सकिने।

(ग) Category "C" र Category "D" लाई कामको खोजीमा जाने अधिक सम्भावना भएको समूहको रुपमा पहिचान गरी शंकास्पद व्यक्तिको रुपमा अध्यागमन प्रशासनले व्यवहार गर्नुपर्ने।

(घ) Category "C" र Category "D" समूहका व्यक्तिहरु विदेशमा पुगी निर्धारित समयमा नियतबस नफर्कि वा कामको खोजी कार्यमा लागि अलपत्र परेको खण्डमा सम्वन्धित Travel and Tour Agency तथा सो कार्यमा सहजीकरण गर्ने व्यक्तिलाई अनुसन्धानको दायरामा ल्याउन सकिने गरी कानुनी व्यवस्था गर्ने।

(ङ) Category "C" र Category "D" समूहका शंकास्पद व्यक्तिलाई अध्यागमन प्रशासनबाट प्रस्थान अनुमती दिनुपर्ने भएमा ड्यूटी अफिसरले विवरण खुलाई पेश गर्ने अध्यागमन डेस्क अफिसरले राय सहित न्यूनतम बरिष्ठ अध्यागमन अधिकृतबाट निर्णय गराई मात्र पठाउन सकिने र सो को विवरण वैदेशिक रोजगार प्रशासन समेतले Access गर्ने कानुनी व्यवस्था गर्ने।

(च) बुँदा नं (ङ) अनुसार Category "C" र Category "D" समूहका शंकास्पद व्यक्तिलाई अध्यागमन डेस्क अफिसरको एकल निर्णयबाट प्रस्थान अनुमती दिएकोमा र उक्त व्यक्ति विदेशमा पुगी निर्धारित समयमा नियतबस नफर्कि वा कामको खोजीमा लागि अलपत्र परेको खण्डमा सम्वन्धित डेस्क अधिकृतलाई समेत अनुसन्धानको दायरामा ल्याउने गरी कानुनी व्यवस्था मिलाउन पर्ने।

(छ) उपरोक्त अनुसारको वर्गिकरणलाई लिफलेट, ब्रोसर वा पम्प्लेटको रुपमा छपाई गरी व्यापक प्रचार प्रसार गर्ने, गराउने।

अनुसूचि-३

स्वयं भ्रमणयोग्यता परीक्षण (Self-Visitability Assessment) को अंक वितरण

**(नमूनाको लागि मात्र)** कूल अंक -५०

१. आधारभूत मापदण्ड/प्रक्रिया र कागजात पुरा भए/नभएको- ५

| | |
|---|---|
| पुरा भएको | ५ |
| आंशिक पुरा भएको | २ |

२. आमन्त्रण वा प्रायोजन (sponsorship) खुल्ने आधिकारिक प्रमाण - ५

| | |
|---|---|
| पेश भएको | ५ |
| पेश भएकोतर प्रमाणित नभएको | ३ |
| पेश नभएको | १ |

३. विदेश यात्राको अनुभव तथा भ्रमण गरेका मुलुक - ८

| देशको प्रकार | एक पटक | दुई पटक भन्दा बढी | तीन वा सो भन्दा बढी |
|---|---|---|---|
| खाडी मुलुक | ० | ३ | ५ |
| अन्य देश | १ | २ | ३ |

४. भ्रमणको प्रकृति ५

| व्यक्तिगत | संस्थागत | सरकारी | |
|---|---|---|---|
| २ | ३ | ५ | |

५. वार्षिक औसत आय- ५

| २ लाख भन्दा कम | ३-५ लाख | ६-१० लाख | १० लाख माथि |
|---|---|---|---|
| १ | २ | ४ | ५ |

६. शैक्षिक योग्यता ५

| सा.ले. प | +२ | स्नातक | उच्च शिक्षा |
|---|---|---|---|
| ० | २ | ३ | ५ |

७. अंग्रेजी वा गन्तव्य मुलुकको भाषिक सीप - ५

| धेरै राम्रो | राम्रो | सामान्य |
|---|---|---|
| ५ | ३ | १ |

८. भ्रमणका क्रममा गन्तव्य मुलुकमा अप्ठ्यारो परेमा सहयोग गर्ने व्यक्ति- ५

५०

| | | |
|---|---|---|
| एकाघरको व्यक्ति | मापदण्ड अनुसार नाता भित्र पर्ने | चिनजानको व्यक्ति |
| ५ | ४ | २ |

९. भ्रमणको अवधि खुलेको (फिर्ती हवाई टिकट बुकिङ्ग समेत देखिने)- ५

| | | |
|---|---|---|
| १ हप्ता | २ हप्ता | ३ हप्ता भन्दा बढी |
| ५ | ३ | १ |

१०. भ्रमणको लागि साथमा लगेको विदेशी मुद्रा ५

| | | |
|---|---|---|
| $ १५०० भन्दा बढी | $ १५०० सम्म | $ १००० सम्म |
| ५ | ३ | २ |

अंक भार वितरण

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रश्न | १ | २ | ३ | ४ | ५ | |
| पूर्णाङ्क | ५ | ५ | ८ | ५ | ५ | २५ |
| प्रश्न | ६ | ७ | ८ | ९ | १० | |
| पूर्णाङ्क | ५ | ५ | ५ | ५ | ५ | २५ |
| जम्मा | | | | | | ५० |

नतीजा विश्लेषण

| | | | | |
|---|---|---|---|---|
| पूर्णाङ्क | ७५% माथि | ५० % माथि | ४० % माथि | ३० % तल |
| प्राप्ताङ्क | (७५-१००) | (५०-७४) | (३०-४९) | |
| अवस्था | | | | |